ISSN No. : 2717-5049

अभिलेख

ABHILEKHA

वर्ष ४० २०८० पूर्णाङ्क ४०



राष्ट्रिय अभिलेखालय

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

रामशाहपथ, काठमाडौं

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अभिलेख
ABHILEKHA

वर्ष ४० ❁ २०८० ❁ पूर्णाङ्क ४०

प्रधान सम्पादक
दामोदर गौतम

सम्पादक
काजीमान प्याकुरेल
मनिता न्यौपाने
रज्जु हाडा

प्रकाशकीय

नेपाल बहुधार्मिक, बहुसांस्कृतिक मुलुक हो । यहाँ विभिन्न किसिमका अमूर्त सम्पदाहरु जीवित रुपमा रहेका छन् । यस्तै जीवित सम्पदाहरुको भण्डारण स्थल राष्ट्रिय अभिलेखालय हो । राष्ट्रिय अभिलेखालयमा विभिन्न प्रकारका लिखित दस्तावेज र कागजातहरु संरक्षण तथा भण्डारण गरिएका छन् । विश्वमै दुर्लभ र महत्त्वपूर्ण मानिएका अभिलेखहरुको संरक्षण तथा व्यवस्थापन गर्ने जिम्मा पाएको यस कार्यालयले अभिलेख संरक्षण ऐन २०४६ र नियमावली २०६३ को आधार मा कार्य गरिरहेको छ ।

राष्ट्रिय अभिलेखालयले वार्षिक रुपमा अभिलेख पत्रिका प्रकाशन गर्दै आइरहेको सन्दर्भमा गत आ.व.०७९।८० मा प्राविधिक कारणवश अभिलेख पत्रिका प्रकाशन हुन सकेको थिएन । यो आ.व. ०८०।८१ मा राष्ट्रिय अभिलेखालयले एकैपटक दुईवटा अंक (४० र४१) प्रकाशन गर्न लागेको छ । यो अंकमा मन्थलीका माझी सम्बन्धी अभिलेख, अभिलेखालयमा संग्रहित आयुर्वेद सम्बन्धी ग्रन्थको अनुवाद, धर्मशास्त्र सम्बन्धी बाह्र वटा मयुखको अध्ययन, कौशीतोषाखानाका दशवटा लालमो हरको लिप्यन्तर जस्ता विषयका लेखहरु छन् । यो अंकमा प्रकाशित अधिकांश लेखहरुमा अभिलेखालयको भण्डारणमा रहेका सामग्रीको प्रयोग गरिएको छ ।

अन्तमा, हामीसँग संकलनमा भएका अकाट्य प्रमाणका रुपमा रहेका लाखौं अभिले ख एवं कागजातहरुको संरक्षण गरी अध्ययन पश्चात् प्रकाशन गर्नु राष्ट्रिय अभिले खालयको दायित्व एवं कर्तव्य भएकाले यो अंक प्रकाशन गर्न सहयोग गर्नु हुने सबैलाई धन्यवाद र आगामि दिनमा पनि यस्ता प्रकाशनको निरन्तरताका लागि अग्रिम शुभकामना ।

दामोदर गौतम
महानिर्देशक

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रकाशक	:	राष्ट्रिय अभिलेखालय फोन नं. : ०१- ४२००८५६, ४२००८४५, ४२००८४६ Website : narchives.gov.np E-mail: mail@narchives.gov.np
प्रकाशन मिति	:	वि. सं. २०८०
प्रकाशित प्रति	:	२५० थान
मूल्य रु.	:	१००/-
मुद्रक	:	कोशी प्रिन्टिङ्ग प्रेस, बबरमहल, काठमाडौं फोन नं : ४२२५६९६, ४२५१८३३

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विषय-सूची

विषय	लेखक	पृष्ठ संख्या
मन्थलीका माझीसम्बन्धी केही अभिलेख	- डा. भूपहरि पौडेल	१
वैष्णवीकल्पोक्ता रसायनरसेश्वराराधनविधिः	- डा. छत्रपति दाहाल	१०
संवत् ३१ माघ शुक्ल त्रयोदशी आदित्यवार	- डा. श्यामसुन्दर राजवंशी	१९
मनाङ्मा मिलारेपा	- कल्पना पराजुली	२५
Twelve Mayūkhas in Bhāgavantabhāṣkara: Pt. Nīlakaṇṭha Bhaṭṭa's Works on Dharmaśāstra	- *Prof. Shankar Thapa*	२९
कौसी तोषाखानाबाट प्राप्त लालमोहर		४५
नुवाकोट र गोरखा जिल्लाका विभिन्न स्थानहरुमा रहेका शिलालेख एवं ताम्रपत्रहरुको उतार तथा डिजिटाइजेशन सम्बन्धि भ्रमण प्रतिवेदन	- रज्जु हाडा	६९

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मन्थलीका माझीसम्बन्धी केही अभिलेख

– डा. भूपहरि पौडेल*

माझीको शब्दकोशीय विश्लेषण

'माझी' शब्द नेपालको जनजातीय परम्परामा बहुप्रचलित शब्द हो । नेपाल सरकारले सूचीकृत गरेका जनजातिमध्ये माझी प्रमुख जाति हो । यस जातिका बारेमा शब्दकोशले के कस्तो अर्थ गरेको छ, त्यसको छोटो विवरण तल प्रस्तुत छ:

साझा प्रकाशनबाट २०६८ सालमा छैटौँ संस्करणका रूपमा प्रकाशित एवम् रामचन्द्र ढुङ्गानाद्वारा सम्पादित 'संक्षिप्त नेपाली शब्दकोश'को पृष्ठ ४१८ मा गरिएको माझी शब्दको अर्थ यस्तो छ:

डुङ्गा खियाउने जाति, मलाहा ।

त्यस्तै, चूडामणि गौतमको गौतम नेपाली व्यावहारिक शब्दकोशको पृष्ठ ४७४ मा माझीको अर्थ रामचन्द्र ढुङ्गानाको जस्तै गरिएको पाइन्छ । जस्तैः डुङ्गा खियाउने एक जाति; मलाहा ।

२०४० सालमा नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानले प्रकाशित गरेको बृहत् नेपाली शब्दकोश प्रायोगिक दृष्टिले प्रामाणिक र अधिकारिक शब्दकोश मानिन्छ । किनभने यस शब्दकोशमा नेपाली कोशविज्ञान र शब्दनिर्माणका विशिष्ट विद्वान् हर्षनाथ शर्मा भट्टराईको महत्वपूर्ण योगदान रहेको थियो । त्यस शब्दकोशमा लेखिएअनुसार माझी शब्दको अर्थ यस्तो छ:

पुर्ख्यौलीदेखि डुङ्गा खियाएर तथा माछा मारेर जीविका गर्ने एक जाति ।

हर्षनाथ भट्टराईकै प्रधानसम्पादकत्वमा तयार भएको र एडयुकेशनल पब्लिसिङ् हाउसबाट २०६३ माघमा पहिलो संस्करणका रूपमा र २०६७ वैशाखमा पुनर्मुद्रण भएको राष्ट्रिय नेपाली शब्दकोशको पृष्ठ ७३० मा माझी शब्दलाई यसरी अर्थ्याइएको पाइन्छः डुङ्गा खियाएर जीविका गर्ने एक जाति; मलाहा ।

नामपद

पाँच किसिमका नामपदमध्ये माझी जातिवाचक नामपद हो । माझी शब्द सोझै नेपालीमा विकसित भएको शब्द होइन । प्राकृत भाषामा 'मज्झ' भनिएको शब्दको अर्थ नेपालीमा माझी हो ।

मन्थलीमा माझीहरूको आगमन

आजभन्दा ५०० वर्ष अगाडि उदयपुरको त्रिजुगाबाट धर्मवीर र कर्मवीर गरी दुई भाइ माझी मन्थलीमा आएका थिए भन्ने माझीहरूको ऐतिहासिक परम्परामा उल्लेख भएको पाइन्छ । वर्तमान अवस्थामा मन्थलीको वंशावलीमा फैलिएका माझीहरूको पाँच दशक अघिसम्म ठूलै सङ्ख्या थियो । तर, अहिले उनीहरूको सङ्ख्या घट्तै गएको पाइन्छ ।

*स्वतन्त्र अनुसन्धाता

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मन्थलीमा माझीहरूको घाट तार्ने पेशा

त्यसो त नेपालका नदी किनारमा बसोबास गरिआएका माझीहरूको पेसा प्राय: डुङ्गा खियाउनु र माछा मार्नु हो तापनि यो अभिलेखीय सामग्रीहरूको प्रस्तुति मन्थलीका माझीहरूमै केन्द्रित छ । उदयपुरको त्रिजुगाबाट मन्थलीमा आएका धर्मवीर र कर्मवीर माझीहरूका समयदेखि नै उनीहरूको मुख्य पेशा मन्थली घाटमा डुङ्गा खियाएर यात्रीहरूलाई वारपार गराउनु थियो । उनीहरूले डुङ्गा खियाएर यात्रीहरूलाई वारपार गराएको मन्थली घाटमा झोलुङ्गे पुल बनेको छ । पैदलयात्रीहरू यही पुलबाट ओहोरदोहोर गर्छन् । यो झोलुङ्गे पुलभन्दा पूर्वपट्टि गौडवारी नजिकै पक्की पुल छ । यस पुलबाट मानिसका साथै निजी गाडी, बस, बाइक, साइकल ओहोरदोहोर गर्छन् । पुल बनेपछि घाट तार्ने मन्थलीका माझीहरूको पेशा हरिएको छ ।

मन्थलीमा माझीको माछा मार्ने पेशा

मन्थलीका माझीहरू वारपारको मन्थलीघाटमा यात्रीहरू जम्मा भएका बेला डुङ्गामा राखेर घाट तार्थे । यात्रीहरू नआएका बेला तामाकोशीमा जाल बिछ्याएर माछा मार्थे । जालमा कहिले ठूलाठूला माछा पर्थे । कहिले मझौला र कहिले भने भुरा माछाहरू पर्थे । माछाहरू टिपेर तलपट्टि फुकेको र मास्तिर मुख खुम्चिएको निगालो अथवा बाँसका चोयाले बनेको टोकरीमा राख्थे । त्यसरी पारेका माछा बेचेर माझीहरू नून, तेल, भुटुन, लत्ताकपडाको जोहो गर्थे । चाडपर्व मान्न खर्च जुटाउँथे । बेचेर बाँकी रहेका माछा पकाएर आफैं खान्थे । पहिलापहिला बजार थिएन । वस्ती एकदमै पातलो थियो । त्यसबेला माछा, च्यूरा किनेर खाजा खाने चलन थिएन भन्दा फरक पर्दैन । बजारको चल्ती भएपछि माछाका परिकारहरू बिक्न थाले । अचेल त मन्थली वरपर माछा पाइन छोडे । सरकारी र निजी कार्यालयका उच्च तहका कर्मचारीहरूले आधुनिक विधि/प्रविधिको प्रयोग गरी माछा मार्न थालेपछि तामाकोशीमा माछाहरू मासिँदै गए । स्थानीय माझीका अनुसार दिनभरि तामाकोशीमा जाल बिछ्याउँदा पनि कुनै दिन त एउटै माछा पर्दैनन् ।

कोशी, डुङ्गा, घाट र माछासँग माझीको साइनो

मन्थलीका माझीहरूको साइनो अर्थात् सम्बन्ध कोशी, डुङ्गा, घाट र माछासँग गाँसिएको भए पनि बढ्दो शहरीकरणले गर्दा कोशीमा पानी कम हुँदै गयो, अलिअलि भएको पानीमा पनि नगरवासीहरूले ढल र अन्य फोहोर मिसाइँदिंदा तामाकोशीको पानी प्रदूषित बन्दै गएको छ । अचेल मन्थलीका माझीहरूको कोशीसँगको साइनो टुट्तै गएको पाइन्छ ।

कृषि पेशा

मन्थलीका माझीहरूको अन्य पेशा खेती नै हो । आफ्नो खेतबारीमा धान, मकै, गहुँ उत्पादन गर्नु पनि उनीहरूको पेशाअन्तर्गत नै पर्छ । विशेष गरी माझीहरू घाट र माछा मार्ने र मझिनीहरू खेतबारीको काम गर्ने, जाँड बनाउने र घाटको मुखमा राखेर बेच्ने काममा सरिक हुँदै आएको पाइन्छ ।

मन्थलीका माझीहरूको पलायन

२०४५ सालसम्म रामेछापको सदरमुकाम रामेछाप-डाँडामा थियो । २७५ वर्षभन्दा बढी समय रामेछाप डाँडामा रहेको सदरमुकाम हठात् मन्थलीमा सारियो । सदरमुकाम सार्दा स्थानीय जनता र सरकारका कर्मचारीबीच ठूलै झडप भएको थियो । मन्थलीमा सदरमुकाम सरेपछि क्रमश; बजार बढ्दै गयो । सरकारी कार्यालयहरू निर्माण हुँदै गए । धनी र ठूलाबडाले मन्थलीको जमिन खरिद गरे । व्यापारिक प्रयोजनका घरहरू निर्माण गरे । मन्थली

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

बजार नगरपालिकामा परिणत भयो । त्यसपछि यहाँको जमिन महँगो हुँदै गयो । यहाँका ठूलाबडाले चोसोमोसो मिलाएर सोझा केही माझीका खेतबारी सस्तोमा खरिद गरेर महँगोमा व्यापार गर्ने प्रक्रिया शुरु भएपछि मन्थलीका माझीहरू क्रमशः अत्यन्त पलायन हुँदै गए । त्यहींकारण मन्थलीमा माझीहरूको सङ्ख्या कम हुँदै गएको पाइन्छ ।

मन्थलीका माझीहरूको कीपट

मन्थली तामाकोशीको किनारमा रहेको घिमिरे ब्राह्मणको विर्ता र कुनाउरी र गड्वारी गरी दुइ गाउँ माझीहरूको कीपट हो । यहाँका माझीहरू सरकारले तोकेको तिरो भद्दोको टहल् गरी घाट् हुलाक चलाई बसोबास गरेको कुरो सम्वत् १८८१ साल् मार्ग वदि ९ रोज २ को पत्रबाट स्पष्ट हुन्छ । त्यसबेला मन्थलीका माझीहरू यहाँको किपट् विर्ता छोडी अन्तै बसाइँ जान खोजेको र सो मितिको पत्रअनुसार 'घाट् हुलाक् बंद गरी गाउघर छोड्नु हुँदैन' भन्ने बेहोराको पत्रबाट स्पष्ट हुन्छ । अर्को कुरो, गडवारी र कुनाउरीका माझीहरू यहाँको घरबार छोडी अन्त बसाइँ गए भने यहाँको घाट्, हुलाक् चलाउने र अमालीको तीरो टहल गर्ने मानिसको खाँचो पर्छ भन्ने अभिप्रायले माझीहरूलाई मन्थलीकै कीपट्मा थाम्न प्रयत्न सोही मिति (संवत् १८८१)को पत्रबाट प्रष्ट हुन्छ ।

खोलाले बगाएको कीपट्को खेतका साटो....

मन्थलीमध्ये कुनाउरी र गडुवारी कीपट् खेत खोलाले बगाई यहाँ घाट् र हुलाक चलाई बस्न सम्भव नभएपछि दुवै गाउँका माझीहरूले तात्कालिक सरकारमा विन्ती चढाएको र सरदारबाट 'सो जग्गाको साटो श्रीनाथ् कम्पुले पायाको गडुवारीको विस कुय्रा षेत्' २।२० किपट् गरिबक्सेको बेहोरा सम्वत् १८८....को रुक्काबाट स्पष्ट हुन्छ ।

अविय्रा माझीलाई किपट् थामिदिएको रुक्का....

मन्थलीका अम्बलमध्ये कुनाउरी भन्ने गाउँको लुगापातसमेत अविय्रा माझीको बाबु षेटरा माझिले षा३ चर्चि वेहोरि आयाको षेत् पाषाको किपट् तेरा नाउमा मिझारि गरि किपट्को मोहर गरि थामिबक्स्यौं......भन्ने बेहोरा उल्लेख भएको रुक्का पत्र सम्वत् १८९९ साल मिति माघ सुदि ४ रोज ६ मा जारी भएको बुझिन्छ ।

घाट चलाउन चाहिने सामानको बन्दोबस्त गर्नुपर्ने विषयको पत्र

डुङ्गाबाट तामाकोशी वारपार गर्नुपर्ने समयमा मन्थली घाट अप्ठ्यारो घाट मानिन्थ्यो । तामाकोशीमा डुङ्गा हेलेपछि भुँवरी परेको कुइनेटोमा पहरामा ठोक्किएको डुङ्गालाई काबुमा ल्याउन माझीलाई हम्मे पर्थ्यो । पहाडमा सुनकोशी, तामाकोशी, लिखु, दूधकोशी, अरुण, बरुणमा यस किसिमका अप्ठ्यारा घाट निकै थिए । मन्थली घाट अप्ठ्यारो घाटमध्येमा पर्छ । यो घाट चलाउन पूर्व बन्दोवस्तीका सामान जोहो गर्नुपर्ने बेहोरा वम्बहादुर कुँवर राणाजीको पत्रबाट खुलस्त हुन्छ ।

माझीहरूको लालमोहर

मन्थलीका माझीहरूका नाउँमा सम्वत् १८२५ सालमा लालमोहर जारी भएको थियो भन्ने कुरा संवत् १९११ साल फाल्गुन वदी १२ रोज ४ को पत्रबाट खुल्छ । तर, सो लालमोहर अहिलेसम्म प्राप्त हुन सकेको छैन ।

गोडधुवाको पत्र

संवत् १९४४ साल् मीती आषाडको गोडधुवा सम्बन्धी पत्रमा मिझार शब्द प्रयोगमा आएको छ । यो मिझार नामवाची पद हो । गाउँको अमाली, मुखियालाई मिझार भनिन्छ । मिझारले किपट्भित्र बसोबास गरेका जनताको तिरो उठाउँथ्यो र सरकारमा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

बुझाउँथ्यो । गौडवारी गाउँका मिझारले श्री ५ शाहज्यादी प्राणराज्ये लक्ष्मीदेवीको शुभविवाहको उपलक्ष्यमा गाउँबाट गोडधुवा उठाएको विषय सम्वत् १९४४ सालको पत्रले स्पष्ट पारेको छ ।

गादीमुमारष सम्बन्धी पत्र

सम्वत् १९४४ साल आश्वीन महिनाको पत्रअनुसार 'दाषीला आम्दानी थुं तिल्पुंमध्ये गडुवारी गाउका मिझार माझी जिम्मा कुरिया घर २४ को १९४३ सालका वालीमा लाग्याको......) रकमकलम उठाई षरीदार पीताम्बर पाध्या जिम्मा तहवील भयो.....रसीद गरीदिज्यूँ------' बेहोराको रसिद पनि श्री ५ साहज्यादी प्राणराज्ये लक्ष्मीदेवी कै विवाहको गोडधुवा उठाएको विषयसँग सम्बन्धित रहेको बुझिन्छ ।

मन्थलीका माझीका जग्गासम्बन्धी अन्य तीन अभिलेख

तामाकोसिका तारघाट् हुलाक रकम् चलाउने कुनावरी गडुवारी दुवै गाउँका माझीहरू गैह्रके यथोचित्त उप्रान्त माझिहरूले दवाइ षायाको जगा मैले जाहेर गरी ठहरी सकेपछि सो जगामा जाहेरवाला............, आगे मंथलि तार घाट चलाउने कीपटीया माझी के यथोचित ....भन्ने बेहोरा उल्लेख भएको र अर्को एक अभिलेख पनि माझीकै जग्गासम्बन्धी उल्लेख भएको पत्र हो । यस प्रकारका अभिलेखीय सामग्रीले मन्थलीका माझीहरूले इतिहास लेख्न सहयोग पुग्ने विश्वास गर्न सकिन्छ ।

निष्कर्ष

मन्थली तामाकोशीको किनारमा अवस्थित वस्ती हो । यस वस्तीमा ब्राह्मण र माझी समुदायको बसोबास रहेको पाइन्छ । यस ठाउँमा ब्राह्मण र माझी समुदायका अभिलेखीय सामग्रीहरू उपलब्ध छन् । यस्ता सामग्रीहरूको प्रकाशनबाट नेपालको राष्ट्रिय इतिहास निर्माणमा सहयोग पुग्ने देखिन्छ ।

सन्दर्भ ग्रन्थीसूची



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection


स्वस्ति श्रीमन्महाराजा[illegible]
आगे मैथलि घाटका कुनाई [illegible] कुवा [illegible]
[illegible] गाउँ [illegible] किपट [illegible]
[illegible] ले [illegible] गाईलै [illegible]
[illegible]
मारो — — कुप्र लेख [illegible] गरुवारिको दिन [illegible]
बक्स्यौं आफना मा[illegible] [illegible] घाटबलाई [illegible]
मावगर[illegible] [illegible] किपट [illegible]
[illegible] मिझार [illegible] किपट [illegible]
[illegible] मिति [illegible] दि ६ रोज [illegible]


स्वस्ति श्रीमन्महाराजाधिराजकस्य रुक्का — — — — — —
आगे· अविस्माम्हिके· मैथलिकाअम्चलमध्ये· कुनाउरिम्न्याकोगाउ[illegible]
कोलगापावसमेत· आघिनेरावाबु· बोटरामाझिले· [illegible]बविविहोरि[illegible]
का· खेत पाखाका· किपट्को· नेरानाउमा· मिझारिगरि· किपट्कोमोहर[illegible]
थामि बक्स्यौं· आफ्ना माझिअम्आसमेत· आफुलाइ लाग्याको· [illegible]
को· भारिजलाकबोकि· मैथलीघाटबलाइ· अघिदेखि नीस्यावमोजिम[illegible]
नीरोभरोगरि· अमाली मानि· जोकोवोकोगरि· गाउघरअबादगुलजार[illegible]
गआनिमकको सोजो बिताइ· किपट् जानि भोग्यगर· इतिसम्वत् १८[illegible]
साल मिति माघसुदि ४ रोज ६ शुभम् — — —

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection



[illegible] श्री [illegible]
[illegible]
[illegible] स्यपत्र
[illegible] साठ्येवाग [illegible] भार्मी गै [illegible]
[illegible] गरीमम् जोग्या को नजमधर्लो घाट [illegible]
[illegible] कर चलाउछ्नुदा घाट घाटलाई चा [illegible]
[illegible] बहना डोरि साजवाजे [illegible]
[illegible] लस्कर चलाउछ्नुदा [illegible]
साजवाज [illegible] घाट मा कम् [illegible]
[illegible]
[illegible]
[illegible] १८८५ साल माघ [illegible] लाल मोहोर [illegible]
[illegible] सो मोहोर [illegible]
[illegible] काम कार [illegible] थर्पवनाईन्या [illegible]
[illegible] सिपाहिजनहरु [illegible]
[illegible] आफु [illegible]
[illegible] रायबुझन्या [illegible]
तपसिल

[illegible] २	बहना	१२	डोरि

[illegible] ७९११ [illegible] रोज ४ शुभम्

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

वैष्णवीकल्पोक्त-
रसायनरसेश्वराराधनविधिः

– डा. छत्रपति दाहाल*

पृष्ठभूमिका

राष्ट्रिय अभिलेखालयको वि.सं. आयुर्वेद २८० ख, ल.सं. प ३९७५ बृहत् सूचीपत्रम् भाग ५ पृष्ठ ५९ म्यानुस्क्रिप्ट नं.३९७५ रील नं. ए २२०/८ मा संरक्षित रसायनरसेश्वराधनविधिको सम्पादन तथा त्यसको नेपाली भाषामा अनुवाद भएमा रसशास्त्रीय आयुर्वेदीय औषधिको निर्माण गर्दा रसायनशालामा रसेश्वर रसभैरवको पूजा गर्ने विधिवारे जानकारी हुने र पृथ्वीका विभिन्न ठाउँमा भएका खानी, वनस्पति र अन्न आदिको ग्रहणका लागि भूमिको साधना गर्नुपर्ने सम्बन्धमा वैष्णवी कल्पमा उल्लेख भएका कुरा सम्बद्ध व्यक्तिलाई थाह हुने भएकोले हाम्रो शास्त्रीय ज्ञानलाई पाण्डुलिपिमा मात्र सीमित राख्नु उचित थिएन । आयुर्वेदीय ग्रन्थहरूको सूची हेर्ने क्रममा प्रस्तुत ग्रन्थ पाइएकोले यसलाई जनसमक्ष लैजान राष्ट्रिय अभिलेखालयलाई सहज होस् भनी यसको सम्पादन गरिएको हो । देवनागरी लिपिमा लेखिएको यो ग्रन्थ वैष्णवीकल्पमा बताइएका तन्त्रशास्त्रीय विषयलाई उद्धृत गरेर लिइएको नामबाट नै बुझिन्छ । यसमा शिव र पार्वतीको सम्वादद्वारा रससिद्धिका लागि रसेश्वर शिव र रसांकुशा पार्वतीको आराधना गर्नुपर्ने जनाउँदै आवश्यक मन्त्र, ध्यान र पूजाविधि बताइएको छ । त्यसैगरी वैष्णवीशक्ति धरित्रीदेवीको साधनाविधि दोस्रो प्रकरणमा बताइएको छ । पहिलो प्रकरणको पुष्पिकामा बताएअनुसार यो वैष्णवीकल्पको तृतीय काण्ड हो । दोस्रो प्रकरणमा वैष्णवीकल्पको धरित्रीसाधनविधि भन्ने पुष्पिकाको अंश रहेको पाइन्छ । तेस्रो प्रकरणमा पुष्पिका छैन । प्रकरण समाप्तिको कुनै संकेत पनि देखिदैन । प्रस्तुतिको धाराप्रवाहमा संगति नमिलेको पनि देखिन्छ । प्रकरणको आरम्भको श्लोकले धरित्रीसाधनको अर्को प्रकारको वर्णन गरिने संकेत दिइएको छ । तर अन्तिम श्लोकसम्म पुग्दा वर्णन पूरा नभएको प्रतीत हुन्छ । पाण्डुलिपिमा जे छ त्यतिमात्रै अध्ययन गर्दा पनि एउटा रसायन तयार हुनका लागि हाम्रा सिद्धहरूले गरेका साधना र व्यवस्थापनका बारेमा यस रसायनरसेश्वराधनविधिबाट थाह पाउन सकिन्छ ।

श्रीगणेशाय नमः ।।

श्रीगणेशलाई नमस्कार छ ।

देव्युवाच ।।

देवी पार्वतीले भन्नुभयो ।।

प्राणेश्वर महादेव सर्वज्ञ करुणाकर ।।
रसायनविधानं च विस्तरेण श्रुतं मया ।।

हे प्राणेश्वर ! हे महादेव ! हे सर्वज्ञ ! हे करुणाका खानी ! मैले रसायन सेवन गर्ने विधान विस्तारपूर्वक सुनें ।।

---
*आयुर्वेद चिकित्सक

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

किन्तु पूर्वं भगवता यदुक्तं वृषभध्वज ।।
रसेशाराधनादेव रससिद्धिर्भवेदिति ।।

परन्तु हे वृषभध्वज ! हजुरले पहिले रसेश अर्थात् रसेश्वरको आराधनाबाट नै रससिद्धि हुन्छ भनेर जे बताउनुभएको थियो त्यसमा मेरो जिज्ञासा छ ।।

कोऽसौ रसेश्वरो देवः केयन्देवी रसांकुशा ।।
तयोः स्वरूपं देवेश ज्ञातुमुत्कण्ठते मनः ।।

ती रसेश्वर भनेका कुन देवता हुन् ? रसांकुशा भनेकी कुन देवी हुन् ? तिनीहरूको स्वरूप कस्तो छ ? हे देवेश ! मेरो मनमा यो जान्ने उत्कण्ठा छ ।।

को मन्त्रः किञ्च तद्ध्यानं कीदृशं वा तदर्चनम् ।।
तत्सर्वं श्रोतुमिच्छामि समासेन जगत्पते ।।
कथयस्व विरूपाक्ष सर्वं वेत्ति यतो भवान् ।।

ती देवताको मन्त्र के हो ? तिनको ध्यान वा पूजा कसरी गर्ने ? हे जगत्पति ! मलाई त्यो सबै सारमा सुन्न मन लागेको छ । हे विरुपाक्ष ! हजुर सबै कुरा जान्नुहुन्छ, कृपापूर्वक बताइदिनुहोस् ।।

ईश्वर उवाच ।।

भगवान् शिवले भन्नुभयो ।।

यतस्त्वं वैष्णवीदेवी तदहं क्रोधभैरवः ।।
आवयोरंशतां प्राप्तौ नानासिद्धिविधायिनौ ।।
शिवशक्तिस्वरूपौ तौ विजानीहि महेश्वरि ।।

हे देवी ! तिमी वैष्णवी देवी हौ र मचाहिँ क्रोधभैरव हूँ। हे महेश्वरी ! हामीहरूकै अंशस्वरूपमा अनेक प्रकारका सिद्धि र विधिका विधायक ती दुबै रसेश्वर र रसांकुशा देवी शिव र शक्तिस्वरूपमा रहेका हुन्छन् भन्ने कुरा बुझ्नुपर्दछ ।।

कथयामि वरारोहे रसभैरवपूजनम् ।।
यस्य प्रसादान्मर्त्यानां जायन्ते रससिद्धयः ।।

हे वरारोहे ! जसको प्रसादले मर्त्यलोकवासीहरूको रससिद्धि हुन्छ त्यस्तो रसभैरवको पूजाबारे म बताउँदछु ।।

धातुवादात्मके चात्र ततोन्यत्र विशंकरी ।।
रसभैरवमाराध्य भवेयुः सफलाः क्रियाः ।।

यहाँ धातुवादात्मक स्वरूपमा रहेकी तिमी अन्यत्र अकल्याणी अर्थात् विघ्न गर्ने हुन्छ्यौ । रसभैरवको आराधना गरेर सबै क्रियामा सफलता मिल्नेछ ।।

आदौ कलय तन्मन्त्रं तारापाशत्रयांकुशाः ।।
रसेश्वरो महाकालस्तदनु स्यान्महाबलः ।।

पहिले तारा, पाशत्रय र अंकुशका मन्त्र उच्चारण गर त्यसपछि रसेश्वर महाकालभैरव महाबलशाली हुनेछन् ।।

घोरभैरव इत्येते.........।।*
क्रोधकंकालवक्ष मन्त्रोयं सर्वसिद्धिदः ।।
लक्षात्रयजपेनायं सिद्धो भवति नान्यथा ।।

घोरभैरव,.......क्रोधकंकाल.....? यो मन्त्र सबै किसिमको सिद्धि दिने हुन्छ । यस मन्त्रको तीन लाख जप गरेमात्र सिद्धि हुन्छ नत्र हुँदैन ।।

निर्माय नूतनां शालां तन्मध्ये वेदिकां शुभाम् ।।
चतुरस्तां चतुर्दिक्षु कदलीस्तम्भमण्डिताम् ।।
रमणीयवितानैश्च चामराद्यैरलंकृताम् ।।
सौवर्णे राजते वापि ताम्रे वा वरवर्णिनि ।।
पात्रे विशाले साधारे चन्दनद्रवचर्चिते ।।
निश्छिद्रेऽभिनवे देवि लेखन्या स्वर्णजातया ।।
राजत्या वा महेशानि गन्धसारोत्थयाऽथवा ।।
लिखेदष्टदलं पद्मं मध्ये कर्णिकयान्वितम् ।।

नयाँ रसशाला निर्माण गरेर त्यस शालाको बीचमा चार पाटा भएको र चारै दिशामा केराका स्तम्भ सजाइएको पवित्र वेदी बनाउनुपर्दछ । हे वरवर्णिनी देवी ! राम्ररी सिँगारेर टाँगिएको चँदुवा

*पाण्डुलिपिमा श्लोक स्पष्ट छैन ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

र चमर आदिले अलंकृत तुल्याइएको त्यस वेदीमा सुन, चाँदी अथवा तामाको फराकिलो पिँध भएको चन्दनले सिँगारिएको नचुहिने नयाँ पात्रको बीचमा सुन, चाँदी वा गन्धसारको लेखनीले कर्णिकासहितको अष्टदल कमल लेख्नुपर्छ ।।

बहिरष्टदलं पद्मं पुनरष्टदलं लिखेत् ।।
चतुरस्तं ततो बाह्ये चतुर्द्वारोपशोभितम् ।।

हे महेश्वरी ! अष्टदलकमलबाहिर चारपाटे अर्को अष्टदल पनि लेख्नुपर्छ । त्यसभन्दा बाहिर चार द्वारले शोभित चार पाटा हुनुपर्छ ।।

प्रीतयोरावयोर्मध्ये पूजयेद्रसभैरवम् ।।
श्रीरसांकुशया देव्या सार्द्धवामांकसंस्थया ।।

हामी दुईको मध्यमा रसभैरवको पूजा गर्नुपर्दछ । रस भैरवको वायाँतिर रसांकुशादेवीको स्थापना गर्नुपर्दछ ।।

चतुरस्रे तु दिक्पालान् पूजयित्वा बहिः क्रमात् ।।
नन्दिनं च महाकालं भृंगिमिन्दुं सुधायुतम् ।।

चार कुनामा दिशा र कालहरूको पूजा गर्नुपर्दछ । नन्दीलाई, महाकाललाई, भृंगिलाई र सुधा लिएका चन्द्रमालाई पनि क्रमशः बाहिरबाट पूजा गर्नुपर्दछ ।।

द्वारे कोणेषु विन्यस्य पूजयेद्दक्षिणक्रमात् ।।
शुक्रं पूर्वे हि सम्पूज्य स्कन्दमाग्नेयगोचरे ।।
दक्षिणस्यां ततो भद्रं पवनं नैऋते तथा ।।
शिवं पश्चिमभागे तु पावकं वायवीयके ।।
उमामुत्तरदिग्भागे व्यापकश्चेशगोचरे ।।
पूज्या अष्टदले ह्येते क्रमेण वरवर्णिनि ।।

द्वारमा कोणहरू परिकल्पना गरेर दक्षिणदेखि क्रमैसित पूजा गनुपर्दछ । शुक्रलाई पूर्वमा पूजा गर्नुपर्दछ । स्कन्दकुमारलाई आग्नेयकोणमा पूजा गर्नुपर्दछ । त्यसपछि दक्षिण दिशामा भद्रलाई पूजा गर्नुपर्दछ । नैऋत्यकोणमा पवनलाई पूजा गर्नुपर्दछ । पश्चिमभागमा शिवलाई पूजा गर्नुपर्दछ । वायव्यकोणमा पावकलाई पूजा गर्नुपर्दछ । उत्तरमा उमालाई पूजा गर्नुपर्दछ । हे वरवर्णिनी ! यसरी क्रमैसित अष्टदलमा माथि उल्लेख गरिएका दिशाव्यापी देवताको पूजा गर्नुपर्दछ ।।

लिपिका क्षेपिका चैव कामिका रजिका तथा ।।
लोहटी बन्धिनी चैव भूतमृत्युविनाशिनी ।।
विभूमिः खेचरी चैव दशदूत्यः क्रमेण च ।।
द्वितीयावरणे पूज्या पत्रेषु दशसु स्थिताः ।।

लिपिका, क्षेपिका, कामिका, रजिका, लोहटी, बन्धिनी, भूतविनाशिनी, मृत्युविनाशिनी, विभूमि र खेचरी यी दश दूतीहरूलाई क्रमशः द्वितीयावरणका दशपत्रमा पूजा गनुपर्दछ ।।

माक्षिको विमलं शैलश्चपलो रसकस्तथा ।।
सस्यको गन्धकस्तालः पूर्वादिक्रमयोगतः ।।

माक्षिक, विमल, शैल, चपल, रसक, सस्यक, गन्धक र तालको पनि पूर्वादिक्रमले पूजा गर्नुपर्दछ ।

अष्यदशभुजा भद्राः पञ्चवक्त्रास्त्रिलोचनाः ।।
चन्द्रार्द्धशोभिमुकुटा नीलग्रीवा वृषध्वजाः ।।
स्वस्वकर्मकराः सर्वे ह्यष्टौ विघ्नेश्वराश्च ते ।।
पूजनीया महेशानि द्वितीयाष्टदलाम्बुजे ।।

हे महेशानि ! अष्टादशभुज, भद्र, पञ्चवक्त्र, त्रिलोचन, अर्द्धचन्द्रशोभितमुकुट, नीलग्रीव, वृषध्वज र स्वस्वकर्मकर नाम गरिएका आठ प्रकारका विघ्नेश्वरहरू हुन्छन् । तिनको द्वितीय अष्टदल कमलमा पूजा गर्नुपर्दछ ।।

कर्णिकायान्तु पूर्वादिपूज्यं शक्तिचतुष्टयम् ।।
मालिनी हेमशक्तिः स्यात्पराशक्तिर्वरा स्मृता ।।
अपरा वनिकाशक्तिः कान्ताशक्तिः परापरा ।।

कर्णिकामा पनि पूर्वादिक्रमले चार किसिमका शक्तिको पूजा गर्नुपर्दछ । पहिलो शक्ति मालिनीलाई हेमशक्ति भनिन्छ । दोस्रो वरालाई पराशक्ति

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भनिन्छ । अर्को वनिकाशक्ति हो । चौथो परापरा नामको शक्ति कान्ताशक्ति हो ।।

मध्ये तासां च शक्तीनां सर्वज्ञं परमेश्वरम् ।।
शुद्धस्फटिकसंकाशं पञ्चवक्त्रं त्रिलोचनम् ।।
ज्वलत्पिंगोग्रनेत्राग्निज्वलज्जिह्वानलं तथा ।।
ज्वलद्भावं ज्वलत्केशं दुष्प्रेक्षं प्रेतविष्टरम् ।।
जटामुकुटसंयुक्तं चन्द्रार्द्धकृतशेखरम् ।।
व्याघ्रचर्माम्बरं नागोपचितं वृषभध्वजम् ।।
अष्टादशभुजन्देवमीषत्प्रहसिताननम् ।।
खड्गचर्मधनुर्वाणप्रांशुशूलपरश्वधान् ।।
गदाडमरुखट्वांगचक्रटंकवराभयान् ।।
कपालं कर्त्तृकां विद्यामक्षमालां च बिभ्रतम् ।।

ती शक्तिहरूको माझमा शुद्ध स्फटिकस्वरूपका पाँच मुख भएका र तीन आँखा भएका सर्वज्ञ परमेश्वर हुन्छन् । धपधप बलेका खैरा नेत्रका अग्निले जाज्ज्वल्यमान जिह्वाग्नि भएका, ज्वलनशील भाव, ज्वलनशील केश भएका देख्दै डरलाग्दा प्रेतको विस्तरामा बसेका जटा र मुकुटले युक्त भएका, शिरमा अर्द्धचन्द्र लगाएका, वाघको छाला पहिरेका, नागका गहना भिरेका वृषभध्वज अष्टादशभुजावाला अलिअलि हाँसेको मुख भएका हुन्छन् । तिनले खड्ग, चर्म, धनु, वाण, प्रांशु, शूल र परशु लिएका हुन्छन् । हातमा गदा, डमरु, खट्वांग, चक्र, टंक, वर, अभय, कपाल, कर्तृका, विद्या र अक्षमाला लिएका हुन्छन् ।।

ध्वात्वा सम्पूजयेद् भक्त्या देवेशं रसभैरवम् ।।
तस्योत्संगे महादेवीं रत्नाभरणभूषिताम् ।।
प्रतप्तहेमरुचिरां पीतवस्त्रां त्रिलोचनाम् ।।
श्वेतचामरयोर्मध्ये मुक्ताछत्रेण शोभिताम् ।।
अंकुशं चाक्षमालां च वरं चाभयमेव च ।।
संबिभ्रतीं कराम्भोजैश्चन्द्रार्द्धकृतशेखराम् ।।
रसांकुशां महादेवीं कम्बुग्रीवां कृपामयीम् ।।
पूजयेद्रससिद्ध्यर्थं विद्यया पञ्चबीजया ।।

भक्तिपूर्वक ध्यान गरेर देवेश रसभैरवको पूजा गर्नुपर्दछ । तिनका साथमा रहने रत्नका गरगहनाले भूषित, तताएको सुनजस्तै राम्री, पहेंलो वस्त्र लगाएकी, तीन आँखा भएकी सेतो चमरका माझमा मोती जडेको छाताले सुशोभित भएकी, करकमलमा अंकुश, अक्षमाला, वर र अभय मुद्रा लिएकी, शिरमा अर्द्धचन्द्र लगाएकी, शंखजस्तै रेखायुक्त घाँटी भएकी कृपामयी रसांकुशा महादेवीलाई रससिद्धिका लागि पाँच बीज अक्षर (ह्रीं आदि) भएको मन्त्रले पूजा गर्नुपर्दछ ।।

वाग्भवं भुवनेशी च श्रीवीजं च सुरेश्वरी ।।
मादनशक्तिवीजं च विद्या परमदुर्लभा ।।

हे सुरेश्वरी वाग्भव बीज (ऐं) भुवनेशीविद्या (ह्रीं), श्रीबीज (श्री) विद्या, मदनबीज शक्तिविद्या (क्लीं) परमदुर्लभा विद्या हुन् ।।

इति ते कथितं देवि रसभैरवपूजनम् ।।
यस्यानुष्ठानमात्रेण रससिद्धिः करे स्थिताः ।।

हे देवी ! यति तिमीलाई मैले रसभैरवपूजनको बारेमा बताएँ । यसको अनुष्ठानमात्रैले रससिद्धि हात लाग्दछ ।।

इति श्रीवैष्णवीकल्पे उमामहेश्वरसम्वादे
रसायनरसभैरवार्चनविधिस्तृतीयकाण्डः ।।

यति वैष्णवीकल्पको उमामहेश्वरसम्वादमा
रसायनभैरवार्चनविधिको तृतीयकाण्ड समाप्त भयो ।।

ईश्वर उवाच ।।

भगवान् शिवले भन्नुभयो ।

या परा वैष्णवी शक्तिर्धरित्रीरूपधारिणी ।।
सेवैयमखिलाँल्लोकान् धत्ते स्थावरजंगमान् ।।
अतः साधारणी धात्री धरित्रीत्यादि गीयते ।।
विश्वस्य भरणात् सेयं ख्याता विश्वम्भरेति हि ।।
सहनात्सर्वभाराणामेषा सर्वसहा स्मृता ।।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अनेकविधरत्नानि स्वर्णादिखनयोपि च ।।
खनौ या बिभृता कुक्षौ यतस्तस्मादियं शिवे ।।
वसुन्धरा वसुमती वसुधेति च विश्रुता ।।
अत्रपतितम्* ।।

अर्की वैष्णवी शक्ति धरित्रीरूपधारिणी हुन् । ती स्थावर र जंगम समस्त लोकलाई धारण गर्दछिन् । यसैले तिनलाई साधारणी, धात्री, धरित्री इत्यादि नामले पनि बुझिन्छ । यी विश्वको भरण गर्नेहुनाले विश्वम्भरा नामले प्रख्यात छिन् । यी सबै किसिमका भारहरूलाई सहन गर्दछिन् र सर्वंसहा नामले चिनिन्छिन् । अनेक प्रकारका रत्नहरू, सुन आदिका खानीहरू यिनले आफ्नो कोखमा राखेकी हुन्छिन् । हे शिवे ! यसैले यिनलाई वसुन्धरा, वसुमती र वसुधा नामले पनि चिनिन्छ ।।

अथातः संप्रवक्ष्यामि धरित्रीसाधनं परम् ।।
रहस्यातिरहस्यं च सर्वतन्त्रेषु गोपितम् ।।
सर्वैश्वर्यकरन्नृणां दुर्लभं परमाद्भुतम् ।।
यद्गत्वा साधकः श्रेष्ठो धनदेन समो भवेत् ।।

अब म धरित्रीसाधनको बारेमा बताउँछु । सम्पूर्ण तन्त्रमा यसको रहस्यलाई अतिरहस्यको रूपमा गोप्य राखिएको छ । यो साधना दुर्लभ र परम अद्भुत छ अनि सबै ऐश्वर्यलाई दिने खालको हुन्छ । यो साधनामा गएको श्रेष्ठ साधक कुबेरजस्तै ऐश्वर्यसम्पन्न हुन्छ ।।

शरत्काले च केदारमध्ये कलमसंकुले ।।
विनिर्माय कुटीं रम्यां स्थापयेत्कलशं शुभम् ।।
भौमाष्टम्यामाहृतया मृदा नक्तं विनिर्मितम् ।।
गन्धर्वकर्दमैर्लिप्तं वेष्टितं शुक्लवाससा ।।
वक्ष्यमाणेन मन्त्रेण तत्रावाह्य वसुन्धराम् ।।
नानोपचारसम्भारैस्त्रिसन्ध्यं पूजयेत्सुधीः।।

शरत्कालमा कलमधान लहलह भएको बेलामा खेतको माझमा एउटा राम्रो कुटी बनाएर त्यसमा कलश स्थापना गर्नुपर्दछ । भौमाष्टमीका दिन खनेर लिएको माटोले रातमा बनाइएको वेदीमा यक्षाकर्दम नामक लेपले लिपिएको सेता कपडाले ढाकिएको कलश राखी धर्तीरूपलाई अब बताइने मन्त्रले वसुन्धरालाई त्यहाँ आवाहन गरेर बुद्धिमान्ले तीन सन्ध्या पूजा गर्नुपर्दछ ।।

भूबीजं तारमायान्ते ङेन्ता चैव वसुन्धरा ।।
हृदयं वह्निजायान्तो द्वादशार्णो मनुः स्मृतः ।।
महावराहोत्थमुनिः गायत्री छन्द ईरितम् ।।
वसुन्धरा देवता च भूबीजं बीजमुच्यते ।।

ताराबीज, मायाबीजको अन्तमा भूबीज भएको वसुन्धरा ङे(चतुर्थी एकवचन-वसुन्धरायै)मा टुङ्गिने बीज हो । अन्तमा वह्निजाया (स्वाहा) भएको उनको मन्त्र बाह्र अक्षरको (द्वादशार्ण) छ । यस मन्त्रका मुनि महावराहोत्थ हुन्, छन्द गायत्री हो, वसुन्धरा देवता हुन् र बीज भूबीज हो ।*

मायाशक्तिं धरित्र्याश्च विनियोगं च साधने ।
मन्त्रवर्णैः षडंगानि कृत्वा ध्यायेद् वसुन्धराम् ।।
रक्ताम्भोरुहमध्यस्थामिन्दीवरदलप्रभाम् ।।
पीतकौशेयवसनां नानालंकारभूषिताम् ।।
नीलोत्पलद्वयं शालिमञ्जरीं च शुकं करैः ।।
बिभ्राणां सर्वलोकस्य धात्रीं वसुमतीं भजेत् ।।

मन्त्रका र वर्णले ६ अंगमा न्यास गर्नुपर्दछ । कमलदलको मध्यमा रहेकी नीलकमलको दलको जस्तो प्रभा(कान्ति) भएकी, शरीरमा पीताम्बरका वस्त्र लगाएर पहेंली भएकी, नाना प्रकारका गरगहना पहिरिएकी र हातहरूमा दुइटा नीलकमल, धानको

---

*यहाँ केही छुटेको छ ।

*अस्य धरित्रीमन्त्रस्य महावराहो ऋषिः गायत्री छन्दः बसुन्धरा देवता भूबीजं माया शक्तिः धरित्रीपूजने विनियोगः । (संकल्प)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

बाला र शुक लिएकी सबै लोककी धात्रीस्वरूप रहेकी वसुमतीदेवीको भक्ति गर्नुपर्दछ ।*

एवं ध्यात्वा जपेन्मंत्रं वेदलक्षं समाहितः ।।
जपान्ते वसुधादेवी भाषते कलशोदरात् ।।
वरं ब्रूहि प्रदास्यामि यत्ते मनसि वर्त्तते ।।
इति ब्रूवाणान्तान्देवीं प्रसूनाञ्जलिभिस्त्रिभिः ।।
सम्पूज्य प्रणमेद् भूमौ दण्डवत्साधकोत्तमः ।।
श्लोकार्द्धपतितमत्र ।। *

यसरी ध्यान गरेर चार लाखको संख्यामा मन्त्रको जप गर्नुपर्दछ । जपको अन्तमा वसुधादेवीले कलशभित्रबाट बोल्छिन् । हे भक्त ! वर माग, तिम्रो मनमा जे लागेको छ त्यो म दिनेछु । यसो भन्दैगरेकी देवीलाई तीनपटक पुष्पाञ्जलिले पूजा गरेर उत्तम साधकले भूमिमा दण्डवत् पसारिएर प्रणाम गर्नुपर्दछ ।।

नमस्तुभ्यं भगवति जगद्धात्रि वसुन्धरे ।।
विष्णुपत्नि वराहस्य दंष्ट्रास्फोटीकृतालया ।।
विश्वम्भरे नमस्तुभ्यं सर्वभूताश्रये धरे ।।
रत्नानां च निधीनाञ्च त्वदभ्यन्तरवर्त्तिनाम् ।।
लब्धुकामोस्मि कल्याणि प्रसादात्तव मेदिनि ।।
इति सम्प्रार्थयेत् देवीं सा ददाति वरन्ततः ।।
द्रक्ष्यसि प्राप्स्यसीत्येवं ततः पश्यति साधकः ।।
पदे पदे च रत्नानां निधानं योजनत्रये ।।

हे भगवती ! हे जगद्धात्री ! हे वसुन्धरा ! हे विष्णुपत्नी ! भगवान् वराहको दाह्राले च्यापेर रसातलबाट निकालिएकी र त्यहीँ रहेकी सबै प्राणिहरूकी आश्रय भएकी हे धरा ! हे विश्वम्भरा! हे मेदिनी ! हे कल्याणी! म तिम्रो प्रसादबाट तिम्रो गर्भभित्र रहेका रत्न एवम् खानीहरूको प्रत्यक्ष दर्शन गर्न र आफ्ना चाहनाहरूको पूर्तिका लागि प्राप्त गर्न चाहन्छु । यसरी देवीलाई प्रार्थना गर्नुपर्दछ । त्यसपछि देख्नेछौ पाउनेछौ भनेर देवीले वरदान दिनेछिन् । त्यसपछि साधकले तीन योजनसम्म पाइलापाइलामा रत्नहरू र खानीहरू देख्नेछ ।।

ततस्तानि समादाय यथेष्टं विहरेद् भुवि ।।
फलं स्यात् सकलं वाचि नादमात्रे शतांशकम् ।।

त्यसपछि ती रत्नहरू लिएर संसारमा यथेष्ट विहार गरोस् । स्पष्ट बोली सुनिएमा पूरै फल हुन्छ । शब्द (नाद) मात्र भएमा शतांश (१:१००) फल हुन्छ ।।

तदभावे सहस्राशः सर्वं पूर्वोदितं चरेत् ।।
आदौ पुरस्क्रियां ऊर्व्या वर्णलक्षं जपेन्मनुः ।।

त्यति नभए सहस्रांश (१:१०००) फल हुन्छ । भने अनुसार फलको अभाव हुन गएमा पहिलेकै क्रमअनुसार सधै पूजा जप आदि गरोस् । पहिले पृथ्वीको मन्त्रको पुरश्चरणका लागि लाख मन्त्रको जप गर्नुपर्दछ ।।

तद्दशांशं च जुहुयात् संस्कृते हव्यवाहने ।।
ससर्पिषा या यज्ञेन तद्दशांशं च तर्पयेत् ।।
मार्जयेत्तद्दशांशेन तद्दशांशेन वैष्णवान् ।।
विप्रान्संभोजयेन्मंत्री ततः साधनमाचरेत् ।।
अकृत्वा तु पुरश्चर्यां मंत्रः कोपि न सिद्ध्यति ।।

त्यसको दशांश संस्कार गरिएको अग्निमा हवन गर्नुपर्दछ । घृतसहित चरु आदिले त्यसको दशांश तर्पण गर्नुपर्दछ । त्यसको दशमांशले मार्जन गर्नुपर्दछ । मन्त्र जप गर्नेले त्यसको दशांशले वैष्णव र ब्राह्मणहरूलाई भोजन दिनुपर्दछ । त्यसपछि साधन (निरन्तर दैनिक रुपमा जप आदि) गर्नुपर्दछ। पुरश्चरण नगरी कुनै मन्त्र पनि सिद्ध हुँदैन ।।

इतिश्री वैष्णवीकल्पे निधिरत्नादिलाभोपयोगि-धरित्रीसाधनविधिः ।।

वैष्णवीकल्पमा निधिरत्नादिको लाभका लागि उपयोगी धरित्रीसाधनविधि बताइयो ।।

---

*भूबीज ( ) ह्रदयाय नमः । तार ( ) शिरसे स्वाह । माया (ह्रीं) शिखायै वषट् । स्वाहा – अस्त्राय फट् ।

*यहाँ आधा श्लोक छुटेको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ईश्वर उवाच ।।

भगवान् शिवले भन्नुभयो ।

अथान्येन प्रकारेण धरित्रीसाधनं श्रृणु ।।
येन स्वर्णादिधातूनां संहतानां मृदश्मसु ।।
तथैव कुलिशादीनां खनयो रसवीरुधः ।।
रसकूपाश्च विविधा दृश्यन्ते मानवैर्ध्रुवम् ।।

अब अर्को प्रकारले धरित्रीको साधना गर्ने विधि बताउँछु । हे पार्वती ! तिमी सुन । यसले सुवर्ण आदि धातु भएको माटोढुङ्गामा त्यसैगरी हीरा आदि रत्नका खानीहरू, रसहरूका लहराहरू (स्रोतहरू-खनिज), रसका कुवाहरू लगायत विभिन्न कुराहरू मानवहरूले देख्छन् ।।

सुवर्णरूप्यताम्राणि लोहसीसकहिंगुलाः ।।
गन्धकाभ्रककर्पूरगैरिकानि मनःशिला ।।
एते चान्ये च बहवो धातवः शैलसंभवाः ।।
शिखरिप्रस्थकटकचरणोपत्यकादयः ।।

सुन, चाँदी, तामा, फलाम, सीसा, हिंगुल, गन्धक, अभ्रक, कपूर, गैरिक, मनःशिला र यी लगायत पहाडमा प्राप्त हुने अनेक धातुहरू भएका हिमालका शिखरहरू, पहाडका थुम्काहरू, भञ्ज्याङ, फेदी र उपत्यकाहरू मानवहरूले देख्छन् ।।

निम्नोन्नतासूदन्याश्च विस्तीर्णारण्यभूमयः ।।
उज्जटा उपशल्याश्च रोधो देवभुवस्तथा ।।
एषां स्थानानि वेद्यानि गूढभावमुपेयुषाम् ।।
तेभ्यः परीक्षितेभ्यस्तु युक्तिमद्भिः परीक्षकैः ।।

होचा, अग्ला, फैलिएका वनहरू, डाँडा, पाखापखेराहरू, नदीका तीरहरू, देवभूमिहरू लुकेर भूगर्भमा रहेका रत्न आदिका स्थानहरू हुन् भनेर थाह पाउनुपर्दछ । युक्तिका जानकार परीक्षकहरूद्वारा परीक्षण गरेपछि त्यस्ता स्थानहरू थाह पाइन्छन् ।।

शुभे मुहूर्त्ते पृथिवीं नमस्कृत्य हरेन्मृदः ।।
अव्यक्तशक्तिमध्यस्थविष्णुपत्न्याभिमन्त्र्य ताः ।।

शुभमुहूर्त्तमा पृथिवीलाई नमस्कार गरेर माटो खन्नुपर्दछ । अव्यक्तशक्तिको मध्यमा रहेकी विष्णुपत्नीको मन्त्रले खनेको माटोलाई अभिमन्त्रण गर्नुपर्दछ ।।

क्षौमेनाच्छाद्य सिन्दूरैस्तन्मध्ये चक्रमालिखेत् ।।
शिवशक्त्यन्तरे शक्तिस्तदन्तश्च सदाशिवः ।।

त्यस माटोलाई पाटको वस्त्रले ढाकेर त्यसका मध्यभागमा सिन्दूरले चक्र लेख्नुपर्छ । चक्रभित्र शिवशक्तिको स्थापना गर्नुपर्दछ । पहिला शक्ति र त्यसपछि सदाशिवलाई स्थापित गर्नुपर्दछ ।।

तद्बहिर्वैष्णवीगेहयुगलं च दशच्छदम् ।।
विलिखेत् कमलं मंत्री तद्बाह्ये सप्तसागरान् ।।

त्यसभन्दा बाहिर दशपत्रवाला कमल भएको जोडी वैष्णवी मन्दिर लेख्नुपर्छ । त्यसभन्दाबाहिर सातवटा सागर वृत्ताकारमा लेख्नुपर्छ ।।

वृत्ताकारांस्ततो बाह्ये स्वगेहद्वयमुद्धरेत् ।।
तद्बहिर्धरणीचक्रं सर्वसम्पत्प्रदं नृणाम् ।।

त्यसपछि त्योभन्दा बाहिर दुइटा स्वगेह बनाउनुपर्छ । त्यसबाहिर मनुष्यहरूका लागि सम्पूर्ण सम्पदा प्रदान गर्ने धरणीचक्र लेख्नुपर्छ ।।

मध्ये देवीं समभ्यर्च्य वराहं पुरतो यजेत् ।।
वामे विभूतिशक्तिं च धरणीं दक्षिणेऽर्चयेत् ।।

माझमा देवीलाई पूजा गरेर उनको अगाडि वराहको पूजा गर्नुपर्दछ । बायाँतिर विभूतिशक्ति र दायाँतिर धरणीलाई पूजा गर्नुपर्छ ।।

शृंगेष्वंगानि संपूज्य वैष्णवीं तद्गृहेऽर्चयेत् ।।
नामानि तासामजिता तदन्या चापराजिता ।।
विश्वम्भराचलानन्ता चक्रिणी कामदा परा ।।
सर्वसम्पत्प्रदा चेति वागैर्मन्त्रैस्तु ता यजेत् ।।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

शृङ्गमा अंगहरूको पूजा गरेर वैष्णवी शक्तिहरूको त्यही घरमा पूजा गर्नुपर्छ । वैष्णवी शक्तिका नामहरू अजिता, अपराजिता, विश्वम्भरा, अचला, अनन्ता, चक्रिणी, कामदा, परा र सर्वसम्पत्प्रदा हुन् । तिनीहरूलाई बीज र मन्त्रले पूजा गर्नुपर्दछ ।।

गंगाद्याः सप्तसरितः सर्वाश्च सरितस्तथा ।।
अभ्यर्च्य हिमवान्मेरुमहेन्द्रा गन्धमादनः ।।
सह्यविन्ध्यर्क्षमलयाः शक्तिमान् पारियात्रकः ।।
इत्येते गिरयः पूज्याः क्रमेणैव ततो बहिः ।।

गंगा आदि सात नदीहरू (गंगा, यमुना, गोदावरी, सरस्वती, नर्मदा, सिन्धु, कावेरी)सहित बाँकी सबै नदीहरूलाई समेत पूजा गरेर हिमालय, मेरु, महेन्द्र, गन्धमादन, सह्य, विन्ध्य, ऋक्षा, मलय, शक्तिमान्, पारियात्र यी पर्वतहरूलाई क्रमअनुसार पूजा गर्नुपर्दछ ।।

लवणेक्षुसुरासर्पिदधिक्षीरजलार्णवान् ।।
सम्पूज्य दिक्षु क्षेत्रेशानष्टौ पूर्वादितोऽर्चयेत् ।।

त्यसपछि लवण, इक्षु, सुरा, सर्पि, दधि, क्षीर र जलका समुद्रहरूलाई पूजा गर्नुपर्दछ । त्यसपछि पूर्वादिक्रमले आठ क्षेत्रपालहरूको पूजा गर्नुपर्दछ ।

अजरः कमलेशश्चाण्डधरश्चक्रपाणिकः ।।
तंत्रीजिह्वः प्रचण्डश्च युगान्तः शुकतुण्डकः ।।
तेषां नामानि दिक्पालांस्तदस्त्राणि ततो यजेत् ।।
लक्षद्वयं जपेन्मन्त्रं शेषं पूर्ववदाचरेत् ।।

अजर, कमलेश, अण्डधर, चक्रपाणिक, तन्त्रीजिह्व, प्रचण्ड, युगान्त र शुकतुण्डक यी क्षेत्रपालहरूका नाम हुन् । त्यसपछि दिक्पालहरूलाई र तिनीहरूका अस्त्रहरूलाई पूजा गर्नुपर्दछ । दुई लाख मन्त्र जप गर्नुपर्दछ बाँकी पूर्ववत् विधिअनुसारका कर्म गर्नुपर्दछ ।।

देव्यामुद्वासितायान्तु पुनरादाय ता मृदः ।।
खनेदूर्ध्व विनिक्षिप्य नमस्कृत्य वसुन्धराम् ।।
नानोपचारसंयुक्तं भक्तराशिं प्रकल्प्य च ।।
उत्सृजेत्तमथो मंत्री वाक्यमेतदुदीरयेत् ।।

धरित्रीदेवी उद्वासित भएको अवस्थामा पुनः माटो लिएर माथितिर छर्केर वसुन्धरालाई नमस्कार गरी नानाथरिका परिकार मिलाइएको भातको थुप्रो लाएर मन्त्र जप्ने व्यक्तिले छोडोस् । त्यसपछि यो वाक्य भनोस् ।।

ये चात्र संस्थिता देवा ब्रह्मविष्णुशिवादिकाः ।।
विघ्नेशाः क्षेत्रपालाश्च मातरो वनदेवताः ।।
ग्रहाश्चोपग्रहाश्चैव दिक्पाला ग्रामदेवताः ।।
यक्षाश्च गुह्यका नागा ये चान्ये खनिरक्षकाः ।।
ते सर्वे परिगृह्णन्तु इमं मंत्रं महाबलिम् ।।
विविधव्यञ्जनैर्युक्तं पयोदधिघृतान्वितम् ।।
मत्स्यण्डीशर्कराक्षौद्रपूपमोदकसंयुतम् ।।
गन्धपुष्पफलोपेतं धूपदीपादिसंयुतम् ।।
सद्रव्यं सपताकं च मंत्रपूतजलोक्षितम् ।।
मयोपकल्पितं भक्त्या सर्वेभ्यो वो नमो नमः ।।

यहाँ ब्रह्मा, विष्णु, महेश्वर र शिव आदि जुनजुन देवता, विघ्नेश्वर गणेश, क्षेत्रपालहरू, मातृकाहरू, वनदेवताहरू, ग्रहहरू, उपग्रहहरू, दिक्पालहरू, ग्रामदेवताहरू, यक्षाहरू, गुह्यकहरू, नागहरू अथवा यहाँको खानीका रक्षकहरू ती सबैले मैले प्रयोग गरेको मन्त्र तथा यस महाबलीलाई स्वीकार गरून् । विभिन्न परिकारहरू सहितका घिउ, दही, दुध मिलाइएका, खुँदो, सख्खर, मह, मालपुआ, लड्डु राखिएका, सुगन्धी पदार्थ, पुष्प, फल आदि हालिएका धूप, दीप आदि बालेर सुरक्षित तुल्याइएका, द्रव्यहरू, ध्वजापताकाहरूसहितका, मन्त्रले पवित्र जलले भिजाइएका र मैले भक्तिपूर्वक तयार पारिएका यी सबथोक तपाईंहरूलाई अर्पित छन् । तपाईंहरू सबैलाई बारबार नमस्कार छ ।।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

इत्युत्सृज्य बलिं देवि खनयेदाकरस्थलम् ।।
एवं कृते साधने तु विघ्ना नश्यन्ति दूरतः ।।

यसरी देवीका सम्मानमा बली छोडेर खानी भएको स्थलमा खन्नुपर्दछ । यसरी धरित्री साधन गर्नाले विघ्नहरू टाढैबाट नाश हुन्छन् ।।

देवाः सर्वे प्रसीदन्ति द्रव्यं दर्शयति क्षितिः ।।
खन्यमाने क्वचिद्भ्रान्ते द्रव्यं यद्धि न लभ्यते ।।
स्थलात्स्थलान्तरं गत्वा खनयेत् साधकस्तदा ।।
निक्षेपो मृत्तिकायाश्च यावद् विंशतियोजनम् ।।
तत्परं खनने मंत्री पुनः साधनमाचरेत् ।।
भूयो भूयोऽनुष्ठितेन धरित्रीसाधनेन च ।।
सिद्धमंत्रप्रभावेण सिद्धाञ्जनबलेन च ।।
अनुग्रहाद्देवतानां सिद्धानामनुभावतः ।।
तपसा प्राक्तनेनापि भाग्यरूपेण तिष्ठता ।।
वज्रकांचनताराणां खनयो निधयस्तथा ।।
स्पर्शाश्मरसकूपाश्च लभ्यन्ते मानवैर्भुवि ।।

देवताहरू सबै खुशी हुन्छन् र पृथ्वीले खनिज द्रव्यहरू देखाउँछिन् । खन्दैगर्दा केही भ्रान्ति भएमा अथवा द्रव्य प्राप्त नभएमा साधकले त्यस ठाउँबाट अर्को ठाउँमा गएर खन्नुपर्दछ । बीस योजन (असी कोष)सम्म यसरी माटो खन्न र फ्याँक्न सकिन्छ । त्यसभन्दा पर खन्नुपरेमा पुनः धरित्रीसाधना गर्नुपर्दछ । यसरी पुनः पुनः अनुष्ठान गर्दै, धरित्रीसाधना गर्दै खनन गर्नाले सिद्ध मन्त्रको प्रभावले, सिद्ध अञ्जनको प्रभावले, देवताहरूको अनुग्रहले, सिद्धहरूको अनुभाव/आशीषले, भाग्यको रूपमा रहेको पूर्वजन्ममा गरिएको तपस्याले हीरा, सुन, चाँदी आदिका खानीहरू र रसका कुवाहरू धर्तीमा मानवहरूले प्राप्त गर्छन् ।।

नृपादयः खनिस्वामि न कदाचित्प्रजादयः ।।
यस्तां सन्दर्शयेत्तन्तु तोषयेन्नृपतिर्धनैः ।।
खनिं वापि निधिं वापि यो नरः प्राप्य भूतले ।।
अविज्ञाप्य महीपालं स्वयं गृह्णाति लोभतः ।।
स नीतिविप्लवकरो दण्ड्यो भवति भूपतेः ।।

राजाहरू नै खानीका मालिक हुन्, प्रजाहरू हो इनन् । प्रजामा जसले खानीबारे राजालाई जानकारी दिन्छ उसलाई राजाले धन दिएर खुसी पार्नुपर्छ । भूमिमा खानी र निधि भेट्टाएपछि जसले राजालाई जानकारी नदिई लोभवश आफैं ग्रहण गर्छ त्यस्तो नीतिलाई खलबल्याउने व्यक्ति राजाबाट दण्डनीय हुन्छ ।।

तस्मात् खनिं निधानं च विलोक्य नृपतेः पुरः ।।
कथयेत्तस्य सत्कारं कुर्यात् सोपि महीपतिः ।।

यसकारण खानी र निधिलाई देखेपछि राजालाई बताउनुपर्छ र राजाले पनि त्यसको सत्कार गर्नुपर्दछ ।

स्वर्णानामाकरस्थानां हीरकाणां विशेषतः ।।
दुर्वर्णत्रपुसाभ्राश्मसाराणां च पृथक् पृथक् ।।
अन्येषामपि धातूनां कथ्यन्ते लक्षणान्यथ ।।
सकलानि सुवर्णस्य संहतानि मृदादिभिः ।।
अभास्वराणि दृश्यन्ते शीतिरीतिनिभानि च ।।
यच्च पाषाणसम्पृक्तं तदन्तर्गतमेव यत् ।।

सुन भएको ठाउँ, खासगरी हीरा भएको ठाउँ, राङ, अभ्रक, फलाम र अन्य धातुहरूको पनि अब लक्षण बताइन्छ । सुवर्णका सबै धाउहरू माटो आदिले गर्दा चम्किला देखिदैनन् । बालुवा र कीट भएका, ढुङ्गा मिसिएका आदि हुन्छन् ।।

❑❑

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

संवत् ३१ माघ शुक्ल त्रयोदशी आदित्यवार

– डा. श्यामसुन्दर राजवंशी*

माघ शुक्ल त्रयोदशी भन्नासाथ श्रीस्वस्थानीव्रत समाप्तिको अघिल्लो दुई दिनको त्रयोदशी तिथि भनेर बोध हुन्छ । यो तिथि देखि चैत्र शुक्ल प्रतिपदाको तिथि सम्म पुग्न ४७ वटा तिथि पार गर्नु पर्छ । यो कुरा पंचांग पात्रो पल्टाए वा भित्ते पात्रो पल्टाएर पनि थाहा हुने कुरो हो । चैत्र शुक्ल प्रतिपदा तिथि र वैशाख संक्रान्ति (वैशाख १ गते) एकै दिन परेको हुंदैन त्यो संयोग पात्रो र भित्ते पात्रोमा देख्न पाइएको छैन । केही वर्ष अघिदेखिको पात्रोलाई लिएर बनाइएको तालिका यस प्रकार छ ।

सालको शुरुको दिन	तिथि र वार	दिन	तारिख	गएको माघ शुक्ल त्रयोदशी	आउने माघ शुक्ल त्रयोदशी
२०८० वैशाख १ अधिकमास	वैशाख कृष्ण नवमी शुक्रवार	३६५	१४ अप्रील २०२३	२०७९ माघ २०गते	२०८० माघ १० गते
२०७९ वैशाख १	चैत्र शुक्ल त्रयो दशी विहीवार	३६५	१४ अप्रील २०२२	२०७८ फागुन २गते	२०७९ माघ २० गते
२०७८ वैशाख १	चैत्र शुक्ल द्वितीया बुधवार	३६५	१४ अप्रील २०२१	२०७७ फागुन १३ गते	२०७८ फागुन २ गते
२०७७ वैशाख १ अधिकमास	वैशाख कृष्ण षष्ठी सोमवार	३६५	१३ अप्रील २०२०	२०७६ माघ २४ गते	२०७७ फागुन १३ गते
२०७६ वैशाख १	चैत्र शुक्ल नवमी आइतवार	३६५	१४ अप्रील २०१९	२०७५ फागुन ५गते	२०७६ माघ २४ गते
२०७५ वैशाख १ अधिकमास	वैशाखकृष्ण त्रयो दशी शनीवार	३६५	१४ अप्रील २०१८	२०७४ माघ १५ गते	२०७५ माघ २४ गते
२०७४ वैशाख १	वैशाख कृष्ण तृतीया शुक्रवार	३६५	१४ अप्रील २०१७	२०७३ माघ २७ गते	२०७४ माघ १५ गते
२०७३ वैशाख १	चैत्र शुक्लसप्तमी बुधवार	३६५	१३ अप्रील २०१६	२०७२ माघ ८ गते	२०७३ माघ २७ गते

*लिपिविद्

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

२०७२ वैशाख १ अधिकमास	वैशाखकृष्ण दशमीमंगलवार	३६५	१४ अप्रील २०१५	२०७१ माघ १८ गते	२०७२ माघ ८ गते
२०७१ वैशाख १	चैत्र शुक्ल चतुर्दशीसोमवार	३६५	१४ अप्रील २०१४	२०७० माघ २९गते	२०७१ माघ १८ गते
२०७० वैशाख १	चैत्र शुक्ल चतुर्थी आइतवार	३६५	१४ अप्रील २०१३	२०६९ फागुन १२ गते	२०७० माघ २९ गते

माथिको तालिका हेर्दा वैशाख १ गतेको दिन अरु वर्षहरुमा एउटै तिथि गरि दोहरिएको देखिँदैन । तारिख भने दुइटा वर्षमा अप्रील १३ परेका छन् भने अरु सवैमा १४ तारिख नै परेका छन् । माघ शुक्ल त्रयोदशी प्राय माघ महिनामा नै परेका छन्, कुनै कुनै वर्षमा फागुनमा परेका पनि छन् । अधिकमास परेको चार वटा वर्ष तालिकामा देखा परे तर ती वर्षमा ३९० दिन भएको वर्ष एउटा पनि छैन । जसरी वैशाख १ गतेकोदिन तिथि त्यही दोहरिएको देखिँदैन त्यस्तै माघ शुक्ल त्रयोदशी पनि गते दोहरिएको देखिएन । कति वर्षमा संजोगवश कहिले काँही जुर्ला पनि परन्तु नजुर्ला पनि भन्न सकिन्न ।

तसर्थ वि.सं. ६६४ को वर्ष र वि.सं. ६६५ को वर्षमा ३९० दिनको वर्ष थियो भनेर पत्याउने आधार छैन । त्यसकारण वि.सं. ६६४ को वर्षमा अभिलेखमा अधिमास देखापरेको र विसं ६६५ भनेको शक ५३० भएकोले त्यो शक वर्षमा अधिमास परे तापनि ती वर्षमा ३९० दिनको वर्ष भनेर सिद्ध हुने आधार छैन । यदि ३९० दिनको अवधारणा लिएको देखियो भने त्यो सरासर गलत हो भन्न सकिन्छ ।

यो सन्दर्भ किन त भन्दा अहिलेको माघशुक्ल त्रयोदशी र उहिले संवत् ३१ को माघ शुक्ल त्रयोदशीमा कुनै भिन्नता छैन । उहिलेको पात्रोमा ३९० दिन हुने भए अहिलेको पात्रोमा पनि हुनुपर्ने हो । जव अधिमास भएकै वर्षमा पनि अहिले ३९० दिन छैन भने उहिले मात्र किन ३९० दिन हुने कल्पना गर्ने हो, यो बिल्कुल नाजायज हो । यस प्रकारको नाजायज कल्पनालाई पनि गणना भन्दै दुनियाँलाई भ्रम पारियो किन ? यही विषयलाई मूल केन्द्रबिन्दु बनाई भ्रमलाई निमिट्यान्न पार्न जरुरी भएको तथ्य प्रकाश पार्ने प्रयास गरिन्छ ।

ॐ एक त्रिंशत्तमे वर्षे वर्तमाने स्वसंस्थया माघ शुक्ल त्रयोदश्याम्पुष्येण सवितुर्दिने

(संवत् ३१ माघ शुक्ल त्रयोदशी आदित्यवार पुष्य नक्षात्र)

(लिच्छविकालका अभिलेख पृष्ठ ३१७)

सबैभन्दा पहिला ध्यानाकृष्ट हुने कुरा यहाँ संवत् ३१ उल्लेख भएको तिर हो । यस वर्ष भन्दाअघिका कुनै पनि अभिलेखमा स्पष्ट रुपले बार उल्लेख नभएको र संवत् ३१ को माघ शुक्ल त्रयोदशीमा वार उल्लेख भएको छ । अर्को ध्यानाकृष्ट हुने कुरा यही संवत् ३१ को पौषको अभिलेखमा अधिकमासको उल्लेख हुनु हो ।

बारको उल्लेख नपाएसम्म लिच्छविकालका संवत् बारे गणना गरी निर्णय गर्ने आधार पाइएको थिएन र संवत्को निर्णय गर्दा सर्वप्रथम लिच्छविकालमा प्रचलित अधिकमास पद्धतिको विवेचना हुनु आवश्यक छ जस्तो लाग्छ भनी इतिहासकार धनवज्र वज्राचार्यले चाँगुनारायणको सुनको कवचको मनिरहेका यस सुवर्णपत्र अभिलेखको व्याख्या गर्ने क्रममा व्यक्त गर्नु भएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यो अभिलेखमा भएको मिति संवत् ३१ माघ शुक्ल त्रयोदशी आदित्यवार पुष्य नक्षत्र हो । यो **संवत्को निर्णयको लागि श्रीशङ्करमान राजवंशीले यस अभिलेखको तिथि मितिको गणना अनेक किसिमले गर्नु भएको छ । उहाँले एउटा निष्कर्ष पनि निकाल्नु भएको छ। तर यस विषयमा अझ गहन अन्वेषण हुनु जरुरी छ जस्तो लागेकोले उहाँले गर्नु भएको गणनाको विवरण यहाँ दिइएन** भनी लिच्छविकालको अभिलेख को पृष्ठ ३१९ मा जनाउनु भएको छ ।

यसको कारण स्पष्टै छ कि सिद्धान्त पद्धति जे जस्तो भए पनि लिच्छविकालमा चलेको संवत् शकसंवत् र मानदेव संवत् आयो भनी सिद्ध गरेर दिइएको भए उहाँ खुशी हुनुहुन्थ्यो । उहाँको अपेक्षा अनुरुपको निष्कर्ष नआएको कारण गणनाको विवरण दिइएन । यो भन्नुको मूल तात्पर्य यही हो अरु होइन स्पष्ट बुझ्न सकिन्छ ।

यही सिलसिलामा २०४३ सालको कार्तिकमा आएर लिच्छविसंवत्को निर्णय तत्कालीन नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान कमलादी काठमाडौंबाट प्रकाशित भयो । यस ग्रन्थमा चाँगुको अंशुवर्माको अभिलेखमा लेखिएका तिथि वार नक्षत्र सवै ट्वाक्कै मिल्न आए भनी गणनाको फेहरिस्त सहित दिइएको छ । तर बिडम्वना त्यसमा दिइएको गणनाको त्यो फेहरिस्त कसैले बुझेको देखिएन । यो भन्दा अघि धनवज्र वज्राचार्यले जे अपेक्षा गरेका थिए । त्यही अपेक्षाकृत नतिजा आएको देखेर धनवज्र भने दंग हुनु त स्वभाविक हो । तर उहाँ पनि गणना बुझेर दंग परेका भने होइनन् । हुनपनि यो नतिजा त्यस्तै समूहलाई खुशी पार्न अनेक कैफियत गरी गणितको जालो रचना गरेको बाहेक अरु होइन भन्ने पनि खुलासा हुन आएको छ ।

लिच्छविसंवत्को निर्णयमा दिइएको गणनाका केही अंश

१) संवत् ३१ माघ शुक्ल त्रयोदशी तिष्यनक्षत्र आइतवार

२) अभिलेखको संवत् ३१ (=६३३+३१)=वि.सं. ६६४ (=६६४–१३५)=शकसंवत् ५२९ हुन्छ

३) अभिलेखको संवत् ३१ को पौषमा अधिमास लिइएको थियो भन्ने कुरा भक्तपुर इनाय्चोको अभिलेखको प्रसंगमा परिसकेको छ ।

४) यसकारण चैत्र१,वैशाख२ज्येष्ठ३, आषाढ४, श्रावण५,भाद्र६,आश्विन७,कार्तिक ८,मार्ग९, प्रथमपौष१०,द्वितीय पौष११ यी गतमास हुन्छन्

तिथिगण=चैत्रशुक्ल प्रतिपदादेखि इष्टदिन सम्मका तिथि

=चैत्रादि गतचान्द्रमास X३० + वर्तमान चान्द्रमासका शुक्लादि वर्तमान तिथि

=११X३०+१३=३४३

५) गणनाका अन्तिम चरणमा त्रिफल संस्कार गरिएको छ

	घडी । पला
रेखान्तर	= + १।९
भुजान्तर	= – ।१७
चर	= – १।२१
	–१।३८
	+१।९
त्रिफल संस्कार	= –०।२९

त्यसको आलोचनात्मक टिप्पणी

१) अभिलेखमा पुष्यनक्षत्र भनी दिइएको छ। पुष्य र तिष्य एउटै भएकोले कुनै आपत्ती होइन । तैपनि पुष्य जनाएको भए पनि हुने ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

२) ४९८+१३५=६३३ गर्नुको अर्थ र ३१ +४९८ =५२९ गर्नु कुरो एउटै हो । सुमतितन्त्रले ४९८ बोलेको छ तर ६३३ बोलेको छैन । जव शक ५२९ नै भन्नु छ भने ३१ मा ४९८ जोडे पनि हुने हो ।

अतः ३१ मा ६३३ जोड्नु कैफियत को गन्ध आएको देखियो । यहाँ माघ भएकोले ६३३ जोडियो यदि वैशाख जेष्ठको मितिमा पनि वार देखियो भने त्यही ६३३ जोडेर त हुंदैन । तव ६३४ जोड्ने सूत्र सुमतितन्त्रमा पनि छैन ।

३) संवत् ३१ बाट सोझै गणित गर्ने सारणी नभएकोले शक ५२९को सारणी लिनु परे पछि शक ५२९ को वर्षमा अधिमास छ वा छैन हेर्ने हो । जव शक ५२९ को वर्षमा अधिमास नभए पछि १ महिना जोड्नु परेन । गणकले यहाँ भूल गरेको खुलासा स्पष्ट हुन्छ ।

४) गणना गर्न तालिका शक ५२९ को लिने, अधिमास भने संवत् ३१ को लिने यो सिद्धान्त विपरीत हो ।

शक ५२९ मा अधिमास छैन भन्ने कुरा गणकले दिएको अधिमास तालिका पेज २९३ देखि २९७ बाटै हेर्न सकिने हो ।

चैत्रदेखि पौषसम्म गतमास १० महीना भए पछि १०X३० गर्नु पर्ने १०X३०+१३ गर्दा ३१३ मात्र हुनुपर्ने स्पष्ट छ ।

गणकले ३४३ बनाएर गणना गरिएकोलाई भयंकर भूल हो भन्ने स्पष्ट हुन्छ । यसले परिणाम यो देखाउँछ कि त्यो वर्ष शकसंवत्मा ३९० दिनको वर्ष र शक ५३० को चैत्र शुक्ल प्रतिपदादेखि वि.सं. ६६५ को वैशाख १ गते आउन १० दिन लाग्यो भने वि.सं. ६६४ को वर्ष मा ४०० दिन भएको हुनुपर्ने हुन्छ, जुन असंभव छ ।

५) सिद्धान्त र पद्धतिमा

रेखान्तर पलानि+भुजांतरपलानि+चरपलानि =कालसंस्कारत्रयम् भनेर दिइएको छ ।

गणकले रेखान्तरबाट भुजान्तर र चर दुवै घटाएको छ । फेरि रेखान्तर १।९ मनगढन्त ढंगले पुनःखल्तीबाट निकाली खुरुक्क जोड्न ल्याएको छ । यो सिद्धान्त र पद्धतिको प्रतिकूल हो ।

यसरी मान्छेको आँखामा धूलो छ्याप्ने गणना देखाएर तिथि वार नक्षत्र सवै ट्वाक्क मिल्न आए भन्न गणकले अलि लाज मान्नु पर्ने हो ।

जव गुरुले यस्तो असंभव गणना सिकाउँछ भने उनका चेलाहरुको हैसियत कस्तो होला स्वतः अनुमान लगाउन सकिन्छ । यति हुँदा हुँदै पनि गणना के हो यसका पद्धति के हो ? केही नबुझ्नेहरुले त्यस्तो गुरुलाई नेपालका बैद्धिक, प्राज्ञिक विभूति,इतिहास संशोधनका ज्योति, नेपालका शुक्रतारा भनेर तारिफ गर्नु भनेको राजा नांगै छ तर राजाको लुगा अति राम्रो भनी तारिफ गरेको कथा भन्दा यो केही फरक हो जस्तो लागेन ।

संवत् ३१ माघ शुक्ल त्रयोदशी आइतवार को तारिख गणना

चाँगुनारायणको सुनको कवचको मनिरहेका यस सुवर्णपत्र अभिलेखमा भएको मितिमा संवत् ३१ दिइएको छ । यो लिच्छविसंवत् ५३१ को संक्षिप्तमा व्यक्त गरिएको संवत् ३१ हो । यो शकसंवत् शुरु हुनु भन्दा २ वर्ष अघिको संवत् भएकोले लिच्छविसंवत् ५३१ भनेको शक ५२९ हुने भएको हो । यहाँ शकसंवत् चैत्रबाट शुरु हुने संवत् र लिच्छविसंवत् कार्तिकबाट शुरु हुने संवत् हो । अतः लिच्छविसंवत् ५३१ लाई शक ५२९ को कार्तिक देखि शक ५३० को आश्विनसम्म रहन्छ भन्न पनि पाइयो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अभिलेखको मिति माघ भएकोले शक ५२९ माघ शुक्ल त्रयोदशी भन्न सकियो । माघमा इस्वीसंवत् फेरि सक्ने भएकोले पौष माघ फागुन यी तीन महीनामा शकसंवत्मा ७९ जोड्नु पर्ने र यी बाहेक अन्य महीना भएमा शकसंवत्मा ७८ जोड्नु पर्ने हुन्छ ।

यसकारण यहाँ इष्ट शक = शक ५२९ भयो । इष्ट इश्वी ५२९ + ७९ गर्दा = इश्वी सन् ६०८ भयो । ६०८लाई ४ ले भाग गर्दा निशेष आउने भएकोले यो लिपयरको वर्ष हो भनी ख्याल राख्नु पर्छ । अतः क्षेपक ६० .०० जोड्नु पर्ने भएको हो ।

तिथिगण = चै१वै२जे३आ४श्रा५भाद६आ७का८मं९पौ १०+मा१३=३० X १०+१३=३१३ । शक ५२९ को वर्षमा अधिमास छैन । ३१३−१=३१२(यहाँ मेष तिथ्यन्त १ आएको हुनाले)

न्यास १

विवरण	शक	ति.शु	वार	इश्वी	तारिख	रविकरण	चन्द्रकरण
धुवकोष्ठ १ गतिकोष्ठ १,२ क्षेपक	−७९ ६०० ८	२४.६० ७.४५ २८.५०	५.६९ ४.८२ ३.०५	० ६०० ८	१८.९४[१] ३.८२ ०.०५ ६०.००	१०५.७ ३५८.० ०.०	२८१.५ ७३.६ ३४.६
मेषादौ तिथिभोग्य कालान्तरम्	५२९	०.५५[६] +०.४५	६.५६[५] +०.४५ +२.४६	६०८	८२.८१[४] +०.४५ +२.४६	१०३.७०[३] +०.४५ −.२१	२९.७०[२] +०.४५ +१.६९
मेषतिथ्यन्ते गतिकोष्ठ ३ (पूर्वार्धे)		१.०० ३००.०० १०.०० २.००	२.४७ १.३१ २.८४ १.९७		८५.७२ २९५.३१ ९.८४ १.९७	१०३.९४ २९१.४ ९.७ १.९	३१.८४ २५८.२ ८.६ १.७
		३१३	१.५९		३२.८४	४६.९४	३००.३४
माघ शुकल त्रयोदशीको रविपराख्य र चन्द्रपराख्य −.३० ऋणम्			−.३०		−३०	+.१३० −.३०	−.४२९
			१.२९		३२.५४		
			−..२९	६०८	−.२९		
सूर्योदय कोष्ठ ४			१.००	फेब्रुवरी	३२.२५ ३१.०० १.२५		
परिणाम= इश्वीसन ६०८ फेब्रुवरी १ आइतवार ।							

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

१. प्राचीन रीतमा दिइएको अंश ।
२. योगफल लाई ३६०ले भाग गरी शेष फल
३. योगफल लाई ३६०ले भाग गरी शेष फल ।
४. सामान्य वर्ष भएकोले ५९ जोडेको
५. योगफल लाई ७ ले भाग गरी शेष फल ।
६. योगफल लाई ३० ले भाग गरी शेष फल ।

निष्कर्ष

२४ च्च वसुन्धराम् ।। षष्टि वर्ष सहश्राणि विष्ययां जाएते कृमि ईति सवत् १८५९ साल
२५ मिति वैशाख वदि ८ रोज १ मुकाम कांतिपुर महानगर राजधानी शुभम् ....

पछाडि पृष्ठमा

रुजु वषत्तवार सिंह रुजु वम्साह रुजु सेरवहादुर शाहः

रुजु भ्रमर सीह रुजु दामोदर पांडे रुजु नरसिंह

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

DNA - 11/47

श्रीदुर्गाज्यू

श्रीकुमारि

स्वस्तिश्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलीविराजमानमा
नोन्नतश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमहाराजसुरेन्द्रविक्रमसाहवहादुरसमसेर —
जङ्गदेवानांसदासमरविजयिनाम्
आगेश्रीप्राइममिनिष्टरयानकमाण्डिङजनरलजङ्गवहादुरकुंवराणाप्रति हा
म्रापाहाडमधेसभरमुलुकका इजारा अमानतकारकमिर कामदारहरुले आफुले
कवूलगरि लियाका मुलुक जगाजमिन् मालमाहालात सानिटकसार कौसिनो साया—
नाचघ्याकोषिकपदरि अदालत दफदर छेभेडल ठि टिचौ कगादिसमारव
चुमावन गोडधुवाभन्सार दुसाल धन्सार छुकटितहवील गैह्र आफुले लियाका
रकमकोवहि नवुझाइ वांकिरासिफारखनिनलियाकाजोछन्तिन्सामानीसलाई
अघिकोकामसफानगरि इजारा अमानत् गैह्र रकम र जागीरनदिनु तेरा रिफागत
कामानीसलाई पनिनदिनु दियाकालाई पनी वर्षासगरिदिनु पछि पंचसाल जि
सालायेकसालाकवूलगर्न्यालाई कवूलगर्न्यावमोजीम् वहि वुझि लिनु मुनाफिया
रलेहाम्रा छुकटि तहवील वा रकर्जान लिनु इजारा अमानतकारकमिरकामदार
गैह्रहरु ---- चौकका श्रेसाले ठहऱ्याका रुपैयामा असामिसंग धडपकड
गरिलिनु धडपकड गर्दापनि तिरेन भन्या उस असामिको घरखेत सुना नौदिले
हुनागहना सेत तायदात गरि लिनु तायदात गरि लिदा वांकिमध्ये तिनहिसामा दु
इहिसा पुग्यो येकहिसा पुगेन भन्या त्यस असामिलाई वर्ष दिनको भाखादि मानु
तिनु कामकाज दिक्त पनि असुल गरि लिनु तायदात गर्दा तिनहिसामा येकहिसा पु
ग्यो दुइहिसा पुगेन भन्या त्यस असामिलाई रकम जागीर नदिनु भनि दफदरमा
लेखिलिनु उस असामिले जोन दर्जाको जागिर खायाको छ वांकिमध्येमा जागीर खा
धिनेल ठोकि सडक वनाउन लाउनु तेस हिसावले वांकि पुग्या पछि असामिलाई घ
डि दिनु मासिन्या जात रहेछ भन्या मासि दिनु भन्या अयेन वन्देज वाधि वक्सीयो ये
स अयेन वन्देजमा नरहि अर्को तरह गर्ना म्याजो पस्र्यालानि सक हरामठ हुनी इ
ति संम्वत् १९०४ साल मिति पौषवदि १२ रोज १ शुभम्

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

श्री दुर्गाज्यू १

श्री कुमारि

छाप

स्वस्तिश्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविध विरुदावली विराजमान मानोन्नत् श्रीमन्महाराजाधरिराजश्रीश्रीश्रीमहाराजसुरेन्द्रविक्रम साह वहादुर सम्सेर जङ्ग देवानां सदा समर विजयिनाम् .... आगे श्री प्राइम् मिनिष्टरयात् कम्पांडर इन चिफ जनरल जङ्ग वहादुर कुवर प्रति हाम्रा पहाड मधेस्भर मुलुकका इजारा अमान कारकमिर कामदार गैह्रले आफुले कवुल गरि लियाका मुलुक जगाजमिन् माल माहालात् षानि टक्सार कौसितोसाषाना च्यांन्या कौसिक पर्दारि अदालत् दफ्दर छेभडेल् हिटि चोक गादि ममारष चुमावन् गोडधुवा भन्सार टुसाल धन्सार ढुकुटि तहवील गैह्र आफुले लियाका रकम्को वहि नवुझाइ वाकि राषि फारषति न लियाका जो छन् तेस्ता मानीस्लाई अघिको काम सफा नगरि ईजारा अमानत् गैह्र रकम् र जागीर नदिनु तेरा रिफागतका मानीस्लाई पनि नदिनु दियाकालाई पनी वर्षास् गरिदिनु पंछि पंच साल त्रिसाला येक साला कवूल गर्न्यालाई कवूल गऱ्या वमोजीम् वहि वुझिलिनु मुषतियारले हाम्रा ढुकुटि तहवीलवाट कर्जान लिनु ईजारा अमानत् कारक मिरका मदार गैह्र छेर्ड ......चोकका श्रेस्ताले ठहऱ्याका रुपैयामा असामिसँग धड्पकड् गरि लिनु धड्पकड् गर्दा पनि तिरेन भन्या उस् असामिको घरषेत सुनाचादिलेहना गहना स्मेत् तायेदान गरि लिनु तायदान गरि लिंदा वाकि मध्ये तिनहिसामा दुई हिसा पुग्यो येक हिसा पुगेन भन्या तेस्ता असामिलाइ वर्षदिन्को भाषादि सानु तिनु कामकाज दिकन पनि असुल गरिलिनु तायदात गर्दा तिन हिसामा येक हिसा पुग्यो दुई हिसा पुगेन भन्या तेस्ता असामिलाई रकम् जागीर नदिनु भनि दफदरमा लेषि लिनु उस् असामिले जौन दर्जाको जागिर षायाको छ वाँकि मध्येमा जागीर वाधिनेले ठोकि सडक षनाउन लाउनु तेस् हिसावले वाँकि पुग्यापछि असामिलाई छाडि दिनु मासिन्या जात रहेछ भन्या मासिदिनु भंन्या अयेन वन्देज वाधि वक्स्यौं येस् अयेन वंदेजमा नरहि अर्को तरह गर्नामा जो पस्ला निमक् हराम ठहर्ला ईति संम्वत् १९०४ साल मिति पौष वदि १२ रोज १ शुभ्मं ....

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

श्रीदुर्गासहाय १

श्रीदेवी ६ श्रीकालिका १५

श्रीदुर्गा

स्वस्तिश्रीगिरिराजचक्रचूडामणि ... णि त्यादि विविधविरुदावलिविराजमानमानोन्नत
श्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमहाराजगिर्वाणयुद्धविक्रमसाहवहादुरसम्सेरजङ
देवानांसदासमरविजयिनाम्

आगे हिकमत्सिंथापाके संवत १८५८ साल माघशुक्ल पंचम्यांतिथौ तद्दिने पनौतिका अम
वलमा वस्याको विर्त्ताको सांध पूर्वरायाडोल्प्र उनसिंपारि लहुं किलसांध दक्षिणरोशि
सांध पश्चिम वोक्स्याषोलो सांध उत्तर ६ काथानपानि ढलो लहुं किलसांध एति
चार किलाभित्र सुन्थानषलथलिमध्ये थाकल्या षेत मुरि तिस ३० सिम षेत मुरि
अठाइस २८ वक्षौथ्याषेत मुरिवाइस २२ योकिलाभित्र वाहुन्याजंघारको पानि षेत
प्रजाको वाहिक श्री पूर्ववोक्स्याषोलो आफ्नु विर्त्तासांध दक्षिणषोल्सो रैकरलहुं किल
सांध पश्चिमकुलोसांध उत्तर मुहानलहुं किलसांध एति चार किलाभित्र पलांग्वा
हषेत मुरि विस २० श्री पूर्वरोसिसांध दक्षिण पश्चिम भैरवसिंकाछत्ताकोसांध उत्त
र प्रषाल्कुलोसांध एतिचार किलाभित्र वालुवो कुढर षेत मुरी यकासि ८१ श्री पू
र्वदक्षिण रैकरलहुं किलसांध पश्चिम भैरवसिंकोछत्ता कुलो मुहानलहुं किलसां
ध एति चार किलाभित्रको देउजिषेत मुरि दुईसयसाठि २६० एसचार ठाउका किलाभि
त्र प्रजाको पानिषेत रु ५ कागुठवाहिक जम्माषेत चार ४ मुरि यकचालिस ४१ रु गा
उंघडेरिसमेतको मोहोर तांवापत्र गरि वक्स्यौं तम्रासन्तान परयान्तकानिमिषको
सोगोट हलमा रुजुरहि आफ्ना संतान पर्यांत विर्त्ता वितलप्रजानि भोग्य गर संधियार
श्रीहर्षपंथ हरिजोसि अर्ज्याल् कासिराम पाडे भानुपाध्या षनाल विरुवोहारा वंस
वीर राना डुंगोल किष्न धनञ्जय काल्या षड्‍न्या पनौत्या छान्यास्याम गिरि महोत
सुमेरु गिरि नैनानन्द पाध्या कल्यान भा थिलक्षोमन जैसि हरि जैसि हरिनाराय
ण प्रधान भागिराम प्रधान मनि प्रधान विगुटि अचार ठौढिक अचार चारकि
ला भन्दा अर्घ्यालो विर्त्ते वारलेन चापनु विना तक्सीर श्री राजाले हरन नगर्नु येसव
ला भन्दा ... आपाको पातकि होला स्वदत्तां परदत्तां वा यो हरे
न्ने जमाजोर होइन स्व एसलोकमाभन्याको पातकि होला स्वदत्तां परदत्तां वा यो हरे
त वसुन्धराम्॥ षष्टिवर्षसहस्राणि विष्ठायां जायते कृमिः इति संवत् १८५८ साल
मिति वैशाखवदि ८ रोज १ मुकाम कांतिपुरमहानगरराजधानी शुभम्

पछाडी

रजुवम्साह
रजुनरसिंह
रजुवखतवारसिंह
रजु अमरसींह
रजु दामोदरपांडे

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

श्री दुर्गा सहाय १

श्री देवी ६   श्री कालिका १५

छाप

स्वस्तिश्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविध विरुदावली विराजमान मानोन्नत श्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमहाराजे गिर्वाणयुद्धविक्रम साह वहादुर सम्सेरजङ् देवानां सदा समर विजयिनाम् .... आगे हिकमत्सिं थापाके संवत् १८५८ साल माघ शुक्ल पंचम्यां तिथौ तद्दिने पनौतिका अम्वलमा वक्स्याको विर्त्ताको साध पूर्व राया डोल् पुनसिं पाटि लुहुकिल साध दक्षिण रोशि साध पश्चिम वोक्सा षोलो साध उत्तर ६ का थान पानिढलो लुहुकिल साध एति चार किलाभित्र सुन्थान षल् थलि मध्ये थाकल्या षेत मुरि ३० सिम् षेत मुरि अठाइस् २८ वन्हौद्या षेत मुरि वाईस् २२ यो किलाभित्र वाहुन्या जघारको पानि षेत् प्रजाको वाहिक् औ पूर्व वोक्स्या षोलो आफ्नु विर्त्ता साध दक्षिण षोल्सो रैकर लुहुकिल साध पश्चिम कुलो साध उत्तर मुहान लुहुकिल साध एति चार किलाभित्र पालांग्वाठ् षेत मुरि विस् २० औ पूर्व रोसि साध दक्षिण पश्चिम भैरव सिंका वृत्ताको साध उत्तर प्रषाल् कुलो साध एति चार किलाभित्र वालु वो कुढर षेत मुरी यकासि ८१ औ पूर्व दक्षिण रैकर लुहुकिल साध पश्चिम भैरव सिंको वृत्ता कुलो मुहान लुहुकिल साध एति चारकिला भित्रको देउजित षेत मुरि दुई सय साठि २६० एस् चार ठाउँका किलाभित्र प्रजाको पानि षेत् र ...१५...का गुठ वाहिक् जम्मा षेत चार ४ मुरि यकचालिस् ४१ र गाउँ घड्यारि समेत्को मोहोर तावापत्र गरिवक्स्यौं हाम्रा सनृतान परयान्तका निमिष्को सो.ट हलमा रुजु रहि आफ्ना संतान पय्र्यांत विर्त्ता वितल पूजा निभोग्य गर सधियार श्री हर्ष पंथ हरि जोसि अर्ज्याल् कासिराम पाडे भानुपाध्या षनाल विरु वोहोरा वंस वीर राना डंगोल किष्न धनवन्त काल्पा षट्न्या पनौत्या द्वाप्या स्याम गिरि महांत सुमेरु गिरि नैनानन्द पाध्या कल्पानभार्थि लक्ष्योमन जैसि हरि जैसि हरि नारायण प्रधान भागिराम् प्रधान् मनि प्रधान् चिगुटि अचार टैढिक अचार चारकिला भन्दा अर्घ्यालो विर्त्तवारले नचापनु विना तक्सीर श्री राजाले नगर्नु येस वन्देजमा जोर होईन स्व. एस लोकमा भन्याको पातकि होला स्वदत्तां परदत्तां वा यो हरेच्च वसुन्धराम् ।। षष्टि वर्ष सहश्राणि विष्ठयां जाएते कृमि ईति सवत् १८५९ साल मिति वैशाख वदि ८ रोज १ मुकाम कांतिपुर महानगर राजधानी शुभम् ....

पछाडि पृष्ठमा

रुजु वषत्तवार सिंह   रुजु वम्साह   रुजु सेरवहादुर शाहः

रुजु भ्रमर सीह   रुजु दामोदर पांडे   रुजु नरसिंह

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

DNA - 11/47

श्रीदुर्गाज्यु

श्रीकुमारि

स्वस्तिश्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलीविराजमानमा
नोन्नतश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमहाराजसुरेन्द्रविक्रमसाहबहादुरसमशेर
जङ्गदेवानांसदासमरविजयिनाम
आगेश्रीप्राइममिनिष्टरयानकम्याण्डरइनचिफजनरलजङ्गबहादुरकुंवरराणाप्रतिका
श्रापाहाडमधेसभरमुलुकका इजारा अमानतकारकमिसरकामदारहरुले आफुले
कबुलगरिलियाकामुलुकजगाजमिन्मालमाहालातसानिस्कनारकोसिनोमाथा
नाचन्याकोमिकपदारिअदालतदफदरछेअडेल छिटिचोकगादिममारख
चुमावनगोडधुवाभन्सारहुसालधन्सारहुकुटितहवीलगैरुह आफुले लियाका
रकम्कोवढिनबुझाइबांकिराखिफारखतिनलियाकाजोछन्तिनस्ताआसामीहरुलाई
अघिकोकामसफानगरिइजारा अमानतगैरुहरकमरजागीरनदिनुनेराखिफागत
कामानीस्हलाईपनिनदिनुदियाकालाईपनी वर्षास्तगरिदिनुपछिपनिसालत्रि
सालायेकसालाकबुलगर्न्यालाईकबुलगर्न्याबमोजीम्वहालिगरिलिनुभनिसाउतिया
स्लेहाम्रा हुकुमितहवीलवारकर्जानलिनुइजारा अमानतकारकमिसरकामदार
गैरुहछेउ----चोकका असाललेठरुन्याकाहरुमयासमा असामिसंगअडपकड
गरिलिनुधडपकडगर्दापनितिरेनभन्या उसअसामिकोघरखेतसुनानोदिले
हनागहनास्मेततायदातगरिलिनु·तायदातगरिलिंदा·बांकिमध्ये तिनहिसामा·दु
इहिसापुग्यो येकहिसापुगेनभन्यातेस्ताअसामिलाई वर्षदिनकोभाखादि मानु
लिनुकामकाजदिलनपनिअमुलगरिलिनु·तायदातार्दा·तिनहिसामायेकहिसापु
ग्यो·दुईहिसापुगेनभन्यानेस्ताअसामिलाई रकमजागीरनदिनुभनिदफदरमा
लेषिलिनु·उसअसामिलेजोनदर्जाकोजागिरखायाकोछबांकिमध्येमाजागीरखा
ध्निनलठोकिसडकमनाउनलाउनु नेसहिसावलेबांकिपुग्यापछिअसामिलाईछा
डिदिनुमासिन्याजातरहेछभन्यामामासिदिनुभन्या अयेनबन्देजवाधिवक्सीये
स अयेनबन्देजमानरहिअर्कोतरहगर्नामाजोपस्हलानिमकहरामठहर्लाइ
तिसंम्वत१९०४सालमितिपौषवदि१२रोज१शुभम्

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

श्री दुर्गाज्यू १

श्री कुमारि

छाप

१ स्वस्तिश्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविध विरुदावली विराजमान मा
२ नोन्नत् श्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमहाराजसुरेन्द्रविक्रम साह वहादुर सम्सेर
३ जङ्ग देवानां सदा समर विजयिनाम् ....
४ आगे श्री प्राइम् मिनिष्टरयात् कम्पांडर इन चिफ जनरल जङ्ग वहादुर कुवर प्रति हा
५ म्रा पहाड मधेस्भर मुलुकका इजारा अमान कारकमिर कामदार गैह्रले आफुले
६ कवुल गरि लियाका मुलुक जगाजमिन् माल माहालात् षानि टक्सार कौसितोसाषा
७ ना च्यांन्या कौसिक पर्दारि अदालत् दफ्दर छेभडेल् हिटि चोक गादि ममारष
८ चुमावन् गोडधुवा भन्सार टुसाल धन्सार ढुकुटि तहवील गैह्र आफुले लियाका
९ रकम्को वहि नवुझाइ वाकि राषि फारषति न लियाका जो छन् तेस्ता मानीस्लाई
१० अघिको काम सफा नगरि ईजारा अमानत् गैह्र रकम् र जागीर नदिनु तेरा रिफागत
११ का मानीस्लाई पनि नदिनु दियाकालाई पनी वर्षास् गरिदिनु पंछि पंच साल त्रि
१२ साला येक साला कवूल गर्न्यालाई कवूल गऱ्या वमोजीम् वहि वुझिलिनु मुषतिया
१३ रले हाम्रा ढुकुटि तहवीलवाट कर्जान लिनु ईजारा अमानत् कारक मिरका मदार
१४ गैह्र छेर्उ ......चोकका श्रेस्ताले ठहऱ्याका रुपैयामा असामिसँग धड्पकड्
१५ गरि लिनु धड्पकड् गर्दा पनि तिरेन भन्या उस् असामिको घरषेत सुनाचादिले
१६ हना गहना स्मेत् तायेदान गरि लिनु तायदान गरि लिंदा वाकि मध्ये तिनहिसामा दु
१७ ई हिसा पुग्यो येक हिसा पुगेन भन्या तेस्ता असामिलाइ वर्षदिन्को भाषादि सानु
१८ तिनु कामकाज दिकन पनि असुल गरिलिनु तायदात गर्दा तिन हिसामा येक हिसा पु
१९ ग्यो दुई हिसा पुगेन भन्या तेस्ता असामिलाई रकम् जागीर नदिनु भनि दफदरमा
२० लेषि लिनु उस् असामिले जौन दर्जाको जागिर षायाको छ वाँकि मध्येमा जागीर वा
२१ धिनेले ठोकि सडक षनाउन लाउनु तेस् हिसावले वाँकि पुग्यापछि असामिलाई छा
२२ डि दिनु मासिन्या जात रहेछ भन्या मासिदिनु भंन्या अयेन वन्देज वाधि वक्स्यौं ये
२३ स् अयेन वंदेजमा नरहि अर्को तरह गर्नामा जो पस्ला निमक् हराम ठहर्ला ई
२४ ति संम्वत् १९०४ साल मिति पौष वदि १२ रोज १ शुभम् ....

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

DNA - 11/46

श्रीदुर्गासहाय

श्रीदेवी ६ श्रीकालिका १५

श्रीदुर्गा

स्वस्तिश्रीगिरिराजचक्रचूडाम[illegible]न्यादिविविधविरुदावलिविराजमानमानोन्नत
श्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमहाराजगिर्वाणयुद्धविक्रमसाहवहादुरसम्सेरजङ्
देवानांसदासमरविजयिनाम्
आगे हिकमतसिंथापाकै संवत १८५८ साल माघ शुक्ल पंचम्यां तिथौ तद्दिने पनौतिका अम
वलमा वक्स्याको विर्ताको सांध पूर्व रायाडोल् पनसिंपाटि लुंहुं किल सांध दक्षिण रोशि
सांध पश्चिम वोक्सा षोलो सांध उत्तर ६ काथानपानि ढलो लुंहुं किल सांध एति
चार किला भित्र सुन्थान षल थलि मध्ये थाकल्या षेत मुरि तिस ३० सिम षेत मुरि
अठाइस २८ वक्स्याथा षेत मुरि वाइस २२ यो किला भित्र वाहुन्या जेघार को पानि षेत
प्रजाको वाहिक श्री पूर्व वोक्सा षोलो आफ्नु विर्ता सांध दक्षिण षोल्सो रैकर लुंहुं किल
सांध पश्चिम कुलो सांध उत्तर मुहान लुंहुं किल सांध एति चार किला भित्र पलांग्वा
ह षेत मुरि विस २० श्री पूर्व रोसि सांध दक्षिण पश्चिम भैरव सिंका छत्ताको सांध उत्त
र प्रषाल कुलो सांध एति चार किला भित्र वालुवो कुढर षेत मुरी यकासि ८१ श्री पू
र्व दक्षिण रैकर लुंहुं किल सांध पश्चिम भैरव सिंको छत्ता कुलो मुहान लुंहुं किल सां
ध एति चार किला भित्रको देउजि षेत मुरि दुइसय साठि २६० एस चार ठाउका किला भि
त्र प्रजाको पानि षेत रु ८५ को गुठ वाहिक जम्मा षेत चार ४ मुरि यकचालिस ४१ र गा
उं घडेरि समेतको मोहोर तावापत्र गरि वक्स्यौं हाम्रा सन्तान परयान्त कानि मिषको
सोगोठ हल मारु जुर हि आफ्ना संतान पर्यांत विर्ता वितल प्रजा निभोग्य गर संधियार
श्री हर्षपंथ हरिजोसि अर्ज्याल कासिराम पाडे भानु पाध्या षनाल विरु वोहरा वंस
वीर राना डुंगोल किष्न धन वस्नेत काल्या षड्का पनौत्या छान्या स्याम गिरि महोत
सुमेरु गिरि नैनानन्द पाध्या कल्यान भा थिं लक्ष्मन जोसि हरि जैसि हरिनाराय
ण प्रधान भागिराम प्रधान मनि प्रधान चिगटि अचार टौढिक अचार चारकि
ला भन्दा अघ्यालो विर्तेवार लेन वापनु विना तक्सीर श्री राजाले हरन नगर्नु येसव
न्दे जमाजोर होइन स्व एसलोकमा भन्याको पातकि होला स्वदत्तां परदत्तां वा यो हरे
त वसुन्धराम्॥ षष्टिवर्षसहस्राणि विष्ठायां जायते कृमिः इति संवत १८५८ साल
मिति वैशाख वदि ८ रोज १ मुकाम कांतिपुर महानगर राजधानी शुभम्

पछाडी

रुजु वषतावरसिंह
रुजु अमरसिंह
रुजु दामोदर पांडे
रुजु वम्साह
रुजु नरसिंह

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

श्री दुर्गा सहाय १

श्री देवी ६ श्री कालिका १५

छाप

स्वस्तिश्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविध विरुदावली विराजमान मानोन्नत श्रीमन्महाराजाधरिराजश्रीश्रीश्रीमहाराजे गिर्वाणयुद्धविक्रम साह वहादुर सम्सेरजङ् देवानां सदा समर विजयिनाम् ....

आगे हिकमत्सिं थापाके संवत् १८५८ साल माघ शुक्ल पंचम्यां तिथौ तद्दिने पनौतिका अम्वलमा वक्स्याको विर्त्ताको साध पूर्व राया डोल् पुनसिं पाटि लुहुकिल साध दक्षिण रोशि साध पश्चिम वोक्सा षोलो साध उत्तर ६ का थान पानिढलो लुहुकिल साध एति चार किलाभित्र सुन्थान षल् थलि मध्ये थाकल्या षेत मुरि ३० सिम् षेत मुरि अठाइस् २८ वन्हौद्या षेत मुरि वाईस् २२ यो किलाभित्र वाहुन्या जघारको पानि षेत् प्रजाको वाहिक् औ पूर्व वोक्स्या षोलो आफ्नु विर्त्ता साध दक्षिण षोल्सो रैकर लुहुकिल साध पश्चिम कुलो साध उत्तर मुहान लुहुकिल साध एति चार किलाभित्र पालंग्वाठ् षेत मुरि विस् २० औ पूर्व रोसि साध दक्षिण पश्चिम भैरव सिंका वृत्ताको साध उत्तर प्रषाल् कुलो साध एति चार किलाभित्र वालु वो कुढर षेत मुरी यकासि ८१ औ पूर्व दक्षिण रैकर लुहुकिल साध पश्चिम भैरव सिंको वृत्ता कुलो मुहान लुहुकिल साध एति चारकिला भित्रको देउजित षेत मुरि दुई सय साठि २६० एस् चार ठाउँका किलाभित्र प्रजाको पानि षेत् र ...१५...का गुठ वाहिक् जम्मा षेत चार ४ मुरि यकचालिस् ४१ र गाउँ घड्यारि समेत्को मोहोर तावापत्र गरिवक्स्यौं हाम्रा सन्तान परयान्तका निमिष्को सो.ट हलमा रुजु रहि आफ्ना संतान पर्य्यांत विर्त्ता वितल पूजा निभोग्य गर सधियार श्री हर्ष पंथ हरि जोसि अर्ज्याल् कासिराम पाडे भानुपाध्या षनाल विरु वोहोरा वंस वीर राना डंगोल किष्न धनवन्त काल्पा षट्न्या पनौत्या द्वान्या स्याम गिरि महांत सुमेरु गिरि नैनानन्द पाध्या कल्पानभार्थि लक्षोमन जैसि हरि जैसि हरि नारायण प्रधान भागिराम् प्रधान् मनि प्रधान् चिगुटि अचार टौढिक अचार चारकिला भन्दा अर्घ्यालो विर्त्तवारले नचापनु विना तक्सीर श्री राजाले नगर्नु येस वन्देजमा जोर होईन स्व. एस लोकमा भन्याको पातकि होला स्वदत्तां परदत्तां वा यो हरेच्च वसुन्धराम् ।। षष्टि वर्ष सहश्राणि विष्टयां जाएते कृमि ईति सवत् १८५९ साल मिति वैशाख वदि ८ रोज १ मुकाम कांतिपुर महानगर राजधानी शुभम् ....

पछाडि पृष्ठमा

रुजु वषत्तवार सिंह	रुजु वम्साह	रुजु सेरवहादुर शाहः
रुजु भ्रमर सीह	रुजु दामोदर पांडे	रुजु नरसिंह

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

DNA - 11/47

श्रीदुर्गाज्यु

श्रीकृष्णाए

स्वस्तिश्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलीविराजमानमा
नोन्नतश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमहाराजसुरेन्द्रविक्रमसाहवहादुरसम्शेर
जङ्गदेवानांसदासमरविजयिनाम ––––––––––––––
आगेश्रीप्राइममिनिष्टरयानकम्यांडिरइनचिफजनरलजङ्गवहादुरकुवरराणाजिप्रति मा
झापाहाडमधेसमजकुरका इजारा अमानत कमिर कामदार गै हुने आफुले
कवूल गरि लियाका मुलुक जगा जमिन माल माहाल तमानि टक्सार कौसिनो माथा
नाच्यौन्याको भिकपर्दारि अदालत दफ्दर छे भंडल छि इन्चौका गादि ममार ष
चुमावन गोडधुवा भन्सार दुसाल धन्सार छुकाटि तहवील गैह्रु आफुले लियाका
रकमको वहि नबुझाइ वांकि राखि फारख निन लियाका जो छन् तिन स्वामानीस्लाई
अधिको काम सफा नगरि इजारा अमानत गैह्रु रकम र जागीर नदिनु नेरा रिफागत
कामानीस्लाई पनि नदिनु दियाका लाई पनी वर्षास्म गरिदिनु पछि पंचसाल ति
साला येकसाला कवूल गर्न्यालाई कवूल गर्न्या वमोजीम वहि वुझि लिनु मुमातिया
रलेहरुम्रा छुकाटि तहवील वार कर्जा नलिनु इजारा अमानत कार कमिर कामदार
गैह्रु छेउ –––– चोकका असालें ठहन्याका रुपैयामा असामि संग भडुपकडु
गरि लिनु भडु पकडु गर्दा पनि तिरेन भन्या उस असामिको घरखेत सुना नोदिले
हुनागहना म्बेत तायेदात गरि लिनु · तायदात गरि लिंदा · वांकि मध्ये तिन हिसामा · ड
इहिसा पुग्यो येक हिसा पुगेन भन्या तेस्ता असामिलाई वर्षदिन·को भाखा दि· मात
तिनु कामकाज देखिने पनि असुल गरि लिनु · तायदात गर्दा · तिन हिसामा येक हिसा पु
ग्यो · दुई हिसा पुगेन भन्या तेस्ता असामिलाई रकम र जागीर नदिनु भनि दफदरमा
लेखि लिनु · उस असामिले जौन दर्जाको जागिर खायाको छ वांकि मध्ये मा जागीर खा
धिनेल ठोकि सडक बनाउन लाउनु तेस हिसाबले वांकि पुग्या पछि असामिलाई छा
डिदिनु मासिन्या जात रहेछ भन्या मासिदिनु भन्या अयेन बन्देज वाधि वक्सेंयीये
स् अयेन वंदेज माफिक रहि अर्कोतर्ह गर्नामा जो पस्नु लानिमक हरामठहर्नाई
तिसंम्वत १९०४ साल मिति पौष वदि १२ रोज १ शुभम्

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

श्री दुर्गाज्यू १

श्री कुमारि

छाप

स्वस्तिश्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविध विरुदावली विराजमान मा नोन्नत् श्रीमन्महाराजाधरिराजश्रीश्रीश्रीमहाराजसुरेन्द्रविक्रम साह वहादुर सम्सेर जङ्ग देवानां सदा समर विजयिनाम् .... आगे श्री प्राइम् मिनिष्टरयात् कम्पांडर इन चिफ जनरल जङ्ग वहादुर कुवर प्रति हा म्रा पहाड मधेस्भर मुलुकका इजारा अमान कारकमिर कामदार गैह्रले आफुले कवुल गरि लियाका मुलुक जगाजमिन् माल माहालात् षानि टक्सार कौसितोसाषा ना च्यांन्या कौसिक पर्दारि अदालत् दफ्दर छेभडेल् हिटि चोक गादि ममारष चुमावन् गोडधुवा भन्सार टुसाल धन्सार ढुकुटि तहवील गैह्र आफुले लियाका रकम्को वहि नवुझाइ वाकि राषि फारषति न लियाका जो छन् तेस्ता मानीस्लाई अघिको काम सफा नगरि ईजारा अमानत् गैह्र रकम् र जागीर नदिनु तेरा रिफागत का मानीस्लाई पनि नदिनु दियाकालाई पनी वर्षास् गरिदिनु पंछि पंच साल त्रि साला येक साला कवूल गर्न्यालाई कवूल गऱ्या वमोजीम् वहि वुझिलिनु मुषतिया रले हाम्रा ढुकुटि तहवीलवाट कर्जान लिनु ईजारा अमानत् कारक मिरका मदार गैह्र छेर्ड ......चोकका श्रेस्ताले ठहऱ्याका रुपैयामा असामिसँग धड्पकड् गरि लिनु धड्पकड् गर्दा पनि तिरेन भन्या उस् असामिको घरषेत सुनाचादिले हना गहना स्मेत् तायेदान गरि लिनु तायदान गरि लिंदा वाकि मध्ये तिनहिसामा दु ई हिसा पुग्यो येक हिसा पुगेन भन्या तेस्ता असामिलाइ वर्षदिन्को भाषादि सानु तिनु कामकाज दिकन पनि असुल गरिलिनु तायदात गर्दा तिन हिसामा येक हिसा पु ग्यो दुई हिसा पुगेन भन्या तेस्ता असामिलाई रकम् जागीर नदिनु भनि दफदरमा लेषि लिनु उस् असामिले जौन दर्जाको जागिर षायाको छ वाँकि मध्येमा जागीर वा धिनेले ठोकि सडक षनाउन लाउनु तेस् हिसावले वाँकि पुग्यापछि असामिलाई छा डि दिनु मासिन्या जात रहेछ भन्या मासिदिनु भंन्या अयेन वन्देज वाधि वक्स्यौं ये स् अयेन वंदेजमा नरहि अर्को तरह गर्नामा जो पस्ला निमक् हराम ठहर्ला ई ति संम्वत् १९०४ साल मिति पौष वदि १२ रोज १ शुभ्मं ....

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

र्धाप

श्रीमाहिलाभाई

श्रीमाहिलाबराट

श्रीजेठाबँठो

श्रीकांछाबँठि

स्वस्ति श्रीमन्महाराजाधिराजकस्य रुक्का
आगे श्रीमद्राजकुमारकुमारात्मजकम्यांडरइनचीफ जनरलबंबहादूरकुँवरराणाजी
यजांची शिवप्रसादअर्ज्याल प्रति ———— १ २ ३ ४ हरूलाई रोजिन्सामासुलिमै
ल्हासारि पोसाककाकपडामै ल्हासारि फर्मायसी मर्चेर अरू फर्मायसी मर्च गेह्रतोसाषाना
बाट न्यान्या बावत सम्वत १९०५ साल जेष्ठ वदि १ रोज देषि जागीर रजगा भनीगरिब
क्स्याकोह्न तसअर्थ इनिहरूलाई तोसाषानाबाट ज्ञान्या रोजिन्सा मासुली फर्मायसी
मर्चमै ल्हासारि कपडामै ल्हासारि मर्च गेह्र दिनु पर्दैन भनी बंदेजगरिबक्स्यौं ये सबं देजमा
नेरहि जो स्ति माहि मा मा पसला न भ्ने ब म्हा इन पर्नो इति सम्वत १९०५ साल मिति
जेष्ठ वदि १४।३० रोज ५ शुभम्

पछाडी

ता. ५ प.

श्री फत्तेजङ्ग बहादुर इडु ९ २

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

श्री १

छाप

श्री माहिला भाई १
श्री माहिला वुहारि २
श्री जेठा वैन्ही ३
श्री काछा वैन्हि ४

१ स्वस्तिश्रीमन्महाराजाधिराजकस्य रुक्का..........................
२ आगे श्रीमद्राजकुमार कुमारात्मज कम्यांडर इन चीफ् जनरल वंवहादूर कुवर राणाजी
३ षजांची शिवप्रसाद अर्ज्याल प्रति .....१.....२.....३.....४ हरुलाई रोजिन्ना मामुलि मै
४ न्हा वारि पोसाकका कपडा मैन्हावारि फर्मायसी षर्च र अरु फर्मायसी षर्च गैह्र तोसाषाना
५ वाट जान्या वावत् सम्वत् १९०५ साल जेष्टवदि १ रोज देषि जागीर र जगा भर्ना गरिव
६ क्स्याको छ तसअर्थ इनिहरुलाई तोसाषानावाट जान्या रोजिन्ना मामुली फर्मायसी
७ षर्च मैन्हावाँरि कपडा मैन्हावारि षर्च गैह्र दिनु पर्दैन भनी वंदेज गरिवक्स्यौं येस वंदेजमा
८ नरहि जो लिना दिनामा पस्लात श्ले वुझाउनु पर्ला इति सम्वत् १९०५ साल मिति
९ जेष्ठ वदि १४।३० रोज ५ शुभम् ....

पछाडि पृष्ठमा

मार्फत् जङ्गवहादुर कुँवर

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

श्रीदुर्गाज्यू १

श्रीकुमारि

स्वस्तिश्रीमन्महाराजाधिराजकस्य रुक्का
आगे· हाम्रा पहाड मधेस भर मुलुकका· इजारा अमानतका रकम दारोगेहरू·
प्रति· आफआफले दर्सन गरि लियाका रकमको· पट्टा बमोजीम किस्तबंदी
तोसाषाना दाषील र· तनुषाहदार लाइ भर्ना गरि· किस्ता किस्तामाको तमा
आइ वासील बांकी गर्दै रहनु· साल तमाम भयापछि· कौसिमा वासील बांकी
गरि दफदर षाना --- १ --- चोकमा गै· बहि बुझाइ· फारष नीलिनु· कौसिमा वा
सील बांकी न गरि· दफदर षाना --- १ --- चोकमा बहि बुझाउन· न लेजानु· भन्या
१९०६ साल देषि बन्देज बाधि बक्स्यौं· ये सबन्देज मानराहि· कौसिमा वासील बा
कीन गरि· दफदर षाना --- १ --- चोकमा बहि पत्र जसले लैजाला उसलाइ
जरिवाना होला इति सम्वत १९०५ साल मिति चैत्र बदि ३० रोज ६ शुभम्

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

श्री दुर्गाज्यू १

श्री कुमारि १

छाप

१ स्वस्तिश्रीमन्महाराजाधिराजकस्य रुक्का..................
२ आगे हाम्रा पाहाड मधेसभर मुलुकका इजारा अमानतका रकमदार गैह्र
३ प्रति आफुआफुले दर्सन गरि लियाका रकमको पट्टा वमोजीम किस्तवंदी
४ तोसाषाना दाषील र तनुषाहदारलाइ भर्ना गरि किस्ताकिस्तामा कौसीमा
५ आइ वासील वाकी गर्दै रहनु साल तमाम भयापछि कौसिमा वासील वाकी
६ गरि दफदरषाना ......१......चोकमा गै वहि वुझाइ ..र षती लिनु कौसिमा वा
७ सील वाँकी नगरि दफदरषाना......१.....चोकमा वहि वुझाउन नलैजानु भन्या
८ १९०६ सालदेषि वन्देज वाधिवक्स्यौ येस वन्देजमा रहि कौसिमा वासील वा
९ की नगरि दफदरषाना......१.....चोकमा वहिपत्र जस्ले लैजाला उस्लाई
१० जरिवाना होला इति सम्वत् १९०५ सालमिति चैत्र वदि ३० रोज ६ शुभम् ....

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

नुवाकोट र गोरखा जिल्लाका विभिन्न स्थानहरुमा रहेका शिलालेख एवं ताम्रपत्रहरूको उतार तथा डिजिटाइजेशन सम्बन्धि भ्रमण प्रतिवेदन

– रज्जु हाडा*

राष्ट्रिय अभिलेखालय राष्ट्रिय दृष्टिकोणले महत्वपूर्ण कागजातहरुलाई अभिलेखको रुपमा व्यवस्थित एवं सुरक्षित राख्नको लागि स्थापना भएको देशको एउटै मात्र सरकारी निकाय हो । यसका विभिन्न कार्यहरुमध्ये देशका विभिन्न भागमा छरिएर रहेका अभिलेखहरु संकलन गरी तिनीहरुको लगत तयार गर्नु, अभिलेखहरुको उतार लिनु तथा तिनको डिजिटाइजेशन गरी सुरक्षित राख्नु पनि एक प्रमुख कार्य हो । सोही उद्देश्य अनुरुप राष्ट्रिय अभिलेखालयबाट नुवाकोट र गोरखा जिल्ला, गोरखा नगरपालिका, वडा नं ६ मा रहेका अभिलेखहरुको शिलालेख उतार तथा तिनका डिजिटल इमेजहरु संकलन गरिएको छ । यस अभिलेख भ्रमण कार्यको लागि टोली प्रमुखको रुपमा म अभिलेख अधिकृत रज्जु हाडा र माइक्रोफिल्मिष्ट ज्योति न्यौपाने खटिएका थियौं ।

भ्रमणको उद्देश्य

देशका महत्वपूर्ण ऐतिहासिक दस्तावेजहरु संकलन गरी भविष्यको लागि सुरक्षित राख्ने राष्ट्रिय अभिलेखालयको एक महत्वपूर्ण उद्देश्य अन्तर्गत नुवाकोट र गोरखा जस्तो ऐतिहासिक महत्व रहेको क्षेत्रबाट विभिन्न अभिलेखात्मक सम्पदाहरु संकलन गर्नु, शिलालेख एवं ताम्रपत्रका उतारहरु लिनु, विवरणात्मक सूची तयार गर्नु, क्याटलग कार्ड तयार गर्नु तथा ती सबै अभिलेखहरुको डिजिटल इमेजहरु ब्यवस्थित रुपमा राष्ट्रिय अभिलेखालयमा अभिलेखिकरण गर्नु यस भ्रमणको प्रमुख उद्देश्य हो ।

स्थान परिचय

♦ नुवाकोट जिल्ला

नेपालका विभिन्न जिल्लाहरु मध्ये नुवाकोट जिल्ला नेपालको ऐतिहासिक एवं महत्वपूर्ण पुरातात्विक स्थल हो । काठमाडौ उपत्यकाबाट आठ कोस जति टाढा रहेको नुवाकोट जिल्ला प्राचीन समयमा उत्तरमा तिब्बततर्फ र पश्चिम भेकमा जाने प्रमुख मार्गको रुपमा रहेको थियो । लिच्छविकालदेखि नै प्रसिद्ध रहेको यो स्थानमा धार्मिक स्थलहरु, प्राचीन कोट्टका थुम्काहरु र लिच्छविकालीन, मल्लकालीन तथा शाहकालीन अभिलेखहरु रहेका छन् । गोपाल वंशावलीको वर्णन अनुसार विक्रमको १३ औं शताब्दीतिर यो स्थान नवकोट्ट, नवक्वाठ नामले प्रसिद्ध भइसकेको थियो । यसरी मध्यकालको पुर्वार्द्धमा आएर नुवाकोट एक बलियो गढको रुपमा बिकास भैसकेको देखिन्छ भने श्री ५ पृथ्वीनारायण शाहले नुवाकोटमा आक्रमण गरेको समयसम्म अर्थात् विक्रमको १९ औं शताब्दीसम्म यहाँको बस्ती मजबूत किल्लाको रुपमा रहेको थियो ।

यो क्षेत्र राजनैतिक दृष्टिकोणले महत्वपूर्ण बन्नु भन्दा पहिले धार्मिक दृष्टिले महत्वपूर्ण स्थल बनिसकेको देखिन्छ । यो क्षेत्रलाई “नवकोट्ट” भन्नु भन्दा पहिले

---
*अभिलेख अधिकृत, रा.अ.

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

वर्तमान नुवाकोट डाँडा "ऋषिपत्तन" नामले परिचित थियो । यस स्थलमा एक जना ऋषिले तपस्या गरेको हुनाले पछि यहाँ बस्ती बसेपछि तिनै ऋषिको सम्भनामा बस्तीको नाम "ऋषिपत्तन" भएको कुराको उल्लेख शाहकालको एक लालमोहरमा उल्लेख छ । मल्लकालीन अभिलेख, टिपोट आदिमा पनि "ऋषिपत्तन" को उल्लेख भएको छ । त्यसैगरी नुवाकोट इलाका सांग्रामिक दृष्टिले महत्त्वपूर्ण बन्नुभन्दा पहिले यो क्षेत्रमा शिवल्हुति, ब्रह्मतीर्थ कविलास, देवीतीर्थ आदी धार्मिक स्थलहरु प्रसिद्ध भैसकेको थियो । यस क्षेत्रमा रहेका महत्त्वपूर्ण स्थानहरु भनेको भैरवीस्थान, ब्रह्मटोल, शहरटोल, इन्द्रचोक, भूटोल, अशोकबारी, मैदानटोल, कालिका, मालिका, देवीघाट, बट्टार, त्रिशुलीबजार आदि हुन् ।

नुवाकोट भेकका महत्वपूर्ण देवस्थलहरुमध्ये सबैभन्दा प्रसिद्ध मन्दिर भैरवी मन्दिर हो । यस मन्दिर भित्र भैरव, भैरवी र अष्टमातृकाहरुलाई धातुको "खट" जस्तोमा सजाई राखिएको छ । उक्त खटको सुनको छाना नेपाल र अंग्रेजबीच युद्ध हुन लागेको समयमा विजय प्राप्त होस् भन्ने कामना गरी भीमसेन थापाले चढाउन लगाएका थिए । मन्दिरभित्र असंख्य मात्रामा अभिलेख सहितका घण्टहरु भुण्ड्याएका छन् । जसमध्ये एउटा घण्ट श्री ५ पृथ्वीनारायण शाहले वि.सं १८१६ मा शिवपुरी विजयको कामना गरी चढाएको देखिन्छ ।

दुईतले छाने शैलीमा, तेलिया ईटाले बनेको यो मन्दिर मल्लकालमा राजा जगज्जय मल्लको पालामा वि.सं १७८३ मा बनाइएको हो । यो मन्दिरको मूल ढोकामा अनेक देवदेवताहरु कुँदिएका मुर्तिहरु हुनुका साथै काठमा देवी देवताका टुँडालहरु, मन्दिर वरि परी अनेकौ कलाकृतिहरु, मन्दिरमा धार्मिक आस्था स्वरुप चढाएका भाँडाकुँडा र हातहतियारहरु रहेका छन् । यसै मन्दिरको मूलढोकाको माथिल्लो भागमा विभिन्न समयका ताम्रपत्रहरु रहेका छन् ।

♦ गोरखा जिल्ला

नुवाकोट जस्तै गोरखा जिल्ला पनि ऐतिहासिक, धार्मिक, राजनैतिक एवं पुरातात्विक रुपमा महत्वपूर्ण स्थल हो । नेपालको इतिहासमा गोरखा जिल्लाको छुट्टै पहिचान र महत्व रहेको छ । गण्डकी प्रदेशमा पर्ने गोरखा जिल्लामा अहिले गोरखा र पालुङ्टार नगरपालिका, सिरानचोक, अजिरकोट, सुलिकोट, आरुघाट, गण्डकी, चुमनुब्री, धार्चे, भीमसेन गाउँपालिका समेत गरी १० स्थानीय तह रहेको छन् । भौगोलिक स्थिति अनुसार यो जिल्लाको कुल क्षेत्रफल ३६१० वर्ग किलोमिटर रहेको छ भने यो जिल्ला समुद्र सतहदेखि करिब २२८ मिटरदेखि ८१६३ मिटरसम्मको उचाइँमा रहेर उत्तर दक्षिण फैलिएको भूगोल छ ।

गोरखा जिल्ला ऐतिहासिक भुरे-टाकुरे राजाहरुको शासनकालदेखि लिएर शाहवंशको सुरुवात भएको स्थान हो । गोरखनाथ, गोरखकाली र मनकामना मन्दिर गोरखाको ऐतिहासिक धार्मिक स्थल हुन् । यो जिल्ला नेपालको भूगोलमा तिब्बती सीमादेखि तराईको जिल्लासँग जोडिएको छ । गोरखाबासीहरुका आराध्य देवता योगी गोरखनाथको नामबाट यो स्थानको नाम गोरखा रहेको मानिन्छ । नेपाली भाषामा घाँसको फाँटलाई खर्क मानिने गरेकोमा खर्क शब्द विकृत भएर गर्ख, गर्खा हुँदाहुँदै गोरखा भएको पनि मानिन्छ । लिच्छवीकालमा पनि गोरखाकोबारेमा चर्चा गरिएको छ । शिवदेव द्वितीयको शिलालेखमा वर्णन भएअनुसार त्यस समयमा गोरखालाई केन्द्रबाट नै शासन गरिन्थ्यो । यहाँको एक ठाउँमा सिद्ध पुरुष गोरखनाथ बाबाको मठ भएकोले सोही ठाउँको आधारमा जिल्लाको नामकरण गरिएको मानिन्छ । ऐतिहासिक कोट, शक्तिपीठ र भुरेटाकुरे राजाहरुले निर्माण गरेका दरबार र कोटमौलामा बनेका मन्दिरहरु गोरखा जिल्लाका धरोहर हुन् ।

राजा द्रव्य शाहद्वारा स्वतन्त्र राज्यको स्थापना भएर

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यस प्रदेशको राजनैतिक महत्व रहनुभन्दा पहिले यो प्रदेश धार्मिक दृष्टिले महत्वपूर्ण भइसकेको थियो । यहाँ प्रसिद्ध गोरखनाथको मठ र गोरखा उपल्लो कोटमा बज्र भैरबको स्थापना भइसकेको थियो । बज्र भैरवको स्थापना लिच्छविकाल मै भैसकेको कुरा गोरखनाथ गुफाभित्र रहेको राजा शिवदेव द्वितीयको संवत् १२२ को अभिलेखबाट स्पष्ट हुन्छ ।

गोरखनाथ गुफानिर रहेको लिच्छवीकालको अभिलेखमा बज्र भैरवको पुजाआजाको बन्दोबस्त गरिएको कुरा उल्लेख छ । यो अभिलेखबाट त्यस बेला गोरखासम्मका प्रदेशमा सोझै केन्द्रबाट शासन चल्दथ्यो, त्यहाँ सामन्त राज्यको अस्तित्व थिएन भन्ने संकेत पाइन्छ । साथै गोरखा दरवार हनुमान् भन्ज्याङ निर रहेको अर्को लिच्छविकालीन अभिलेखबाट पनि यो कुराको पुष्टि हुनुका साथै यो स्थान धार्मिक एवं राजनैतिक दृष्टिकोणले महत्त्वपूर्ण रहेको कुरा स्पष्ट हुन्छ । सो अभिलेख सोझै कैलाशकूट भवनबाट जारी गरिएको छ र गोरखा भेकका जनतालाई सम्बोधन गर्दा "जनपदलोक" शब्दको प्रयोग गरिएको छ । यसबाट पनि तत्कालीन समयमा गोरखामा सोझै केन्द्रबाट नै प्रशासन चल्दथ्यो भन्ने कुराको थप पुष्टि हुन्छ ।

यसरी लिच्छविकालमा गोरखासम्म सोझै केन्द्रबाट शासन चलेको देखिएको हुनाले नुवाकोट भेकमा पनि त्यस बेला यसरी नै शासन चल्दथ्यो, त्यहाँ सामन्त शासन चलेका थिएन होला भनी सहजै अनुमान गर्न सकिन्छ । यो कुराको पुष्टि नुवाकोट ब्रह्मायणी स्थानमा पाइएको लिच्छविकालीन अभिलेखबाट थाहा हुन्छ । उक्त शिलालेखले अंशुवर्मा भन्दा निकै पहिले यस प्रदेशको विकास भइसकेको संकेत पाइन्छ ।

माथि उल्लेखित सम्पूर्ण विवरणहरुबाट नुवाकोट र गोरखा क्षेत्र ऐतिहासिक महत्वपूर्ण स्थल भएको स्पष्ट हुन्छ ।

अभिलेख संकलनको लागि अवलोकन गरिएका स्थानहरु

१. नुवाकोट जिल्ला, चतुराले बजार वडा नं ७ मा रहेको जगात गणेश मन्दिर ।

२. नुवाकोट जिल्ला, ककनी गाउँपालिका वडा नं ७, गौरेश्वर महादेव मन्दिर ।

३. नुवाकोट जिल्ला, ककनी गाउँपालिका वडा नं ५, भोटेथानसिं, जाल्पा ज्वालादेवी माईस्थान मन्दिर ।

४. नुवाकोट जिल्ला, ककनी गाउँपालिका वडा नं ५, पौवाथोक शिवालय (थानसिं पौवा) ।

५. नुवाकोट जिल्ला, विदुर नगरपालिका वडा नं २, नुवाकोट दरवार ।

६. नुवाकोट जिल्ला, विदुर नगरपालिका वडा नं २, भैरवी मन्दिर ।

७. गोरखा जिल्ला, गोरखा नगरपालिका वडा नं ६, गोरखा दरवार परिसरको हनुमान भञ्ज्याङ ।

८. गोरखा जिल्ला, गोरखा नगरपालिका वडा नं ६, गोरखनाथ गुफा ।

९. गोरखा जिल्ला, गोरखा नगरपालिका वडा नं ६, गोरखनाथ गुफा माथिको पशुपतिनाथ देवस्थल ।

१०. गोरखा जिल्ला, गोरखा नगरपालिका वडा नं ६, गोरखा राजदरवारको गोरखकाली मन्दिर ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भ्रमणको उपलब्धि

यस भ्रमणबाट प्राप्त भएका अभिलेखात्मक उपलब्धिहरु निम्न अनुसार छन्-

क्र.सं.	अभिलेख प्राप्त ठेगाना	अभिलेख रहेको स्थान	शिलालेख (थान)	ताम्रपत्र (थान)
१.	नुवाकोट जिल्ला, चतुराले बजार वडा नं ७	जगात गणेश मन्दिर भित्रको अभिलेख	१	–
२.	नुवाकोट जिल्ला, ककनी गाउँपालिका–७	गौरेश्वर महादेव मन्दिर	१	–
३.	नुवाकोट जिल्ला, ककनी गाउँपालिका–५, भोटेथानसिं	जाल्पा ज्वाला देवीमाई थान	१	–
४.	नुवाकोट जिल्ला, ककनी गाउँपालिका–५, पौवाथोक (थानसिं पौवा)	शिवालय भित्र रहेको अभिलेख	२	–
५.	नुवाकोट जिल्ला, विदुर नगरपालिका वडा नं २	नुवाकोट दरवारको परिसर	४	–
६.	नुवाकोट जिल्ला, विदुर नगरपालिका वडा नं २	भैरवी मन्दिरको परिसर र मुख्य प्रवेशद्वार माथिका अभिलेख	४	२० (टुँडाल अभिलेख १ समेत)
७.	नुवाकोट जिल्ला, विदुर नगरपालिका वडा नं २	भैरवी मन्दिर भित्रको पादपीठ अभिलेख	४	थान १
८.	गोरखा जिल्ला, गोरखा नगरपालिका वडा नं ६	गोरखा दरवार परिसरको हनुमान भञ्ज्याङका अभिलेख	९	–
९.	गोरखाजिल्ला, गोरखा नगरपालिका वडा नं ६	गोरखनाथ गुफा भित्रको अभिलेख	१	–
१०.	गोरखा जिल्ला, गोरखा नगरपालिका वडा नं ६	गोरखनाथ गुफासँगै पशुपतिनाथ देवस्थलको अभिलेख ।	१	–
११.	गोरखा जिल्ला, गोरखा नगरपालिका वडा नं ६	गोरखा राजदरवारको मुख्य प्रवेशद्वारको दाँयातर्फ रहेको अभिलेख	१	–
१२.	गोरखा जिल्ला, गोरखा नगरपालिका वडा नं ६	गोरखा राजदरवारको गोरखकाली मन्दिरको अभिलेख	–	१
		जम्मा थान	२९	२२

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

संकलन गरिएका अभिलेखहरुको विवरण

फोटो नं.	अभिलेख प्राप्त ठेगाना	अभिलेख रहेको स्थान	वस्तु	आकार (से.मी)	अभिलेख संकलन विवरण
१.	नुवाकोट जिल्ला, चतुराले बजार वडा नं ७	जगात गणेश मन्दिर भित्र	प्रस्तर	६७×४१.५	शिलालेख उतार, फोटोचित्र र अभिलेखको लिप्यन्तर र भाषान्तर गरिएको
२.	नुवाकोट जिल्ला, ककनी गा.पा.–७,	गौरेश्वर महादेव मन्दिर भित्र	प्रस्तर	६७×४१	शिलालेख उतार, फोटोचित्र र अभिलेखको लिप्यन्तर र भाषान्तर गरिएको
३.	नुवाकोट जिल्ला, ककनी गा.पा.–५, भोटेथानसिं	जाल्पा ज्वाला देवीमाई थान	प्रस्तर	३३×२१	शिलालेख उतार, फोटोचित्र र अभिलेखको लिप्यन्तर र भाषान्तर गरिएको
४.	नुवाकोट जिल्ला, ककनी गा.पा.–५, पौवाथोक (थानसिं पौवा)	शिवालय भित्र	प्रस्तर	२७×४४.५	शिलालेख उतार, फोटोचित्र र अभिलेखको लिप्यन्तर र भाषान्तर गरिएको
५.	नुवाकोट जिल्ला, ककनी गा.पा.–५, पौवाथोक (थानसिं पौवा)	शिवालय भित्र (अभिलेख नं. २)	प्रस्तर	२६×३६	शिलालेख उतार, फोटोचित्र र अभिलेखको लिप्यन्तर र भाषान्तर गरिएको
६.	नुवाकोट जिल्ला, विदुर नगरपालिका वडा नं. २	नुवाकोट दरवारको मुख्य प्रवेशद्वार माथि	प्रस्तर	३३×१७	शिलालेख उतार, फोटोचित्र
७.	नुवाकोट जिल्ला, विदुर नगरपालिका वडा नं २	नुवाकोट दरवार परिसर, विष्णु मन्दिरको पेटी	प्रस्तर	४५×३१	शिलालेख उतार, फोटोचित्र

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

८.	नुवाकोट जिल्ला, विदुर नगरपालिका वडा नं. २	नुवाकोट दरवार परिसर, विष्णु मन्दिरको सिँढिमा सिंहको पादपीठ	प्रस्तर	३६×१३	शिलालेख उतार, फोटोचित्र
९.	नुवाकोट जिल्ला, विदुर नगरपालिका वडा नं. २	नुवाकोट दरवार परिसरको चैत्यको अभिलेख	प्रस्तर	४२×२१	शिलालेख उतार, फोटोचित्र
१०.	नुवाकोट जिल्ला, विदुर नगरपालिका वडा नं. २	भैरवी मन्दिरको बाँया तर्फको त्रिशुल खम्बामा टाँसिएको	ताम्रपत्र	१६ ×१७.५	फोटोचित्र
११.	नुवाकोट जिल्ला, विदुर नगरपालिका वडा नं. २	भैरवी मन्दिरको दाँया तर्फको त्रिशुल खम्बामा टाँसिएको	ताम्रपत्र	१६ ×२१.५	फोटोचित्र
१२.	नुवाकोट जिल्ला, विदुर नगरपालिका वडा नं. २	भैरवी मन्दिरको मूल प्रवेशद्वार माथि टाँसिएको	ताम्रपत्र	२३× १६	फोटोचित्र
१३.	नुवाकोट जिल्ला, विदुर नगरपालिका वडा नं. २	भैरवी मन्दिरको मूल प्रवेशद्वार माथि टाँसिएको	ताम्रपत्र	१३.५×७	फोटोचित्र
१४.	नुवाकोट जिल्ला, विदुर नगरपालिका वडा नं. २	भैरवी मन्दिरको मूल प्रवेशद्वार माथि टाँसिएको	ताम्रपत्र	२६×१४	फोटोचित्र
१५.	नुवाकोट जिल्ला, विदुर नगरपालिका वडा नं. २	भैरवी मन्दिरको मूल प्रवेशद्वार माथि टाँसिएको	ताम्रपत्र	२४×१३.५	फोटोचित्र
१६.	नुवाकोट जिल्ला, विदुर नगरपालिका वडा नं. २	भैरवी मन्दिरको मूल प्रवेशद्वार माथि टाँसिएको	ताम्रपत्र	४७×३१	फोटोचित्र
१७.	नुवाकोट जिल्ला, विदुर नगरपालिका वडा नं. २	भैरवी मन्दिरको मूल प्रवेशद्वारको दायाँतर्फ तामाको झण्डामा कुदिँएको	ताम्रपत्र	५९×३७	फोटोचित्र
१८.	नुवाकोट जिल्ला, विदुर नगरपालिका वडा नं. २	भैरवी मन्दिरको मूल प्रवेशद्वार माथि टाँसिएको	ताम्रपत्र	२१×७	फोटोचित्र
१९.	नुवाकोट जिल्ला, विदुर नगरपालिका वडा नं २	भैरवी मन्दिरको मूल प्रवेशद्वार माथि टाँसिएको	ताम्रपत्र	१८×१०.५	फोटोचित्र
२०.	नुवाकोट जिल्ला, विदुर नगरपालिका वडा नं २	भैरवी मन्दिरको मूल प्रवेशद्वार माथि टाँसिएको	ताम्रपत्र	१४×७.५	फोटोचित्र
२१.	नुवाकोट जिल्ला, विदुर नगरपालिका वडा नं. २	भैरवी मन्दिरको मूल प्रवेशद्वार माथि टाँसिएको	ताम्रपत्र	१८×८	फोटोचित्र

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

२२.	नुवाकोट जिल्ला, विदुर नगरपालिका वडा नं. २	भैरवी मन्दिरको मूल प्रवेशद्वार माथि टाँसिएको	ताम्रपत्र	१७×६	फोटेचित्र
२३.	नुवाकोट जिल्ला, विदुर नगरपालिका वडा नं. २	भैरवी मन्दिरको मूल प्रवेशद्वार माथि टाँसिएको	ताम्रपत्र	२०×११	फोटेचित्र
२४.	नुवाकोट जिल्ला, विदुर नगरपालिका वडा नं. २	भैरवी मन्दिरको मूल प्रवेशद्वार माथि टाँसिएको	ताम्रपत्र		फोटेचित्र
२५.	नुवाकोट जिल्ला, विदुर नगरपालिका वडा नं. २	भैरवी मन्दिरको मूल प्रवेशद्वार माथि टाँसिएको	ताम्रपत्र	५६×३६.५	फोटेचित्र
२६.	नुवाकोट जिल्ला, विदुर नगरपालिका वडा नं. २	भैरवी मन्दिरको मूल प्रवेशद्वार माथि टाँसिएको	ताम्रपत्र	२३×१३	फोटेचित्र
२७.	नुवाकोट जिल्ला, विदुर नगरपालिका वडा नं. २	भैरवी मन्दिरको मूल प्रवेशद्वार माथि टाँसिएको	ताम्रपत्र	१८×२६	फोटेचित्र
२८.	नुवाकोट जिल्ला, विदुर नगरपालिका वडा नं. २	भैरवी मन्दिरको मूल प्रवेशद्वार माथि टाँसिएको	ताम्रपत्र	३४×१७	फोटेचित्र
२९.	नुवाकोट जिल्ला, विदुर नगरपालिका वडा नं. २	भैरवी मन्दिरको मूल प्रवेशद्वार माथिको टुँडाल अभिलेख	काठ	---	फोटेचित्र
३०.	नुवाकोट जिल्ला, विदुर नगरपालिका-२	भैरवी मन्दिर भित्रको अभिलेख	प्रस्तर	१९×२९	फोटेचित्र
३१.	नुवाकोट जिल्ला, विदुर नगरपालिका वडा नं २	भैरवी मन्दिर भित्र दाताको पादपीठ अभिलेख	प्रस्तर	४७×५६	फोटेचित्र
३२.	नुवाकोट जिल्ला, विदुर नगरपालिका वडा नं. २	भैरवी मन्दिर भित्र दाताको पादपीठ अभिलेख	प्रस्तर	३२×३७	फोटेचित्र
३३.	नुवांकोट जिल्ला, विदुर नगरपालिका वडा नं. २	भैरवी मन्दिर भित्र दाताको पादपीठ अभिलेख	प्रस्तर	३७×२.५	फोटेचित्र
३४.	नुवाकोट जिल्ला, विदुर नगरपालिका वडा नं. २	भैरवी मन्दिर भित्र दाता मूर्तिको पादपीठ अभिलेख	धातु	१९×३	फोटेचित्र
३५.	नुवाकोट जिल्ला, विदुर नगरपालिका वडा नं. २	भैरवी मन्दिरको बाँयातर्फको सिढिंमा रहेको सिंहको पादपीठ अभिलेख	प्रस्तर	---	फोटेचित्र

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

३६.	नुवाकोट जिल्ला, विदुर नगरपालिका वडा नं. २	भैरवी मन्दिरको बाँयातर्फको सिढिंमा रहेको सिंहको पादपीठ अभिलेख	प्रस्तर	---	फोटोचित्र
३७.	नुवाकोट जिल्ला, विदुर नगरपालिका वडा नं. २	भैरवी मन्दिरको बाँयातर्फको सिढिंमा रहेको सिंहको पादपीठ अभिलेख	प्रस्तर	---	फोटोचित्र
३८.	नुवाकोट जिल्ला, विदुर नगरपालिका वडा नं. २	भैरवी मन्दिरको दायाँतर्फ ठूलो घण्टा भएको सिंढीको दायाँतर्फ रहेको शिलालेख	प्रस्तर	---	फोटोचित्र
३९	गोरखा जिल्ला, गोरखा नगरपालिका वडा नं. ६	गोरखा दरवार परिसरको हनुमान भञ्ज्याङ देखि करिब १० मिटर दक्षिणतर्फ बाटोमा देब्रेपट्टि रहेको	प्रस्तर	१४६×५९	शिलालेख उतार र फोटोचित्र
४०.	गोरखा जिल्ला, गोरखा नगरपालिका वडा नं. ६	गोरखा दरवारको पूर्व हनुमान भञ्ज्याङमा रहेका योगी नरहरिनाथद्वारा राख्न लगाएका ६ थान शिलालेखहरु मध्ये दाँयातर्फको पहिलो	प्रस्तर	अग्रभाग ७५×७० दायाँ भाग १३६×२९ शिर्ष भाग ५३×३० पृष्ठ भाग १३८×५९	फोटोचित्र
४१.	गोरखा जिल्ला, गोरखा नगरपालिका वडा नं ६	गोरखा दरवारको पूर्व हनुमान भञ्ज्याङमा रहेका योगी नरहरिनाथ द्वारा राख्न लगाएका ६ थान शिलालेखहरु मध्ये दाँयातर्फको पहिलो	प्रस्तर	अग्रभाग २०९ ×७१ दाँया भाग १८१×२८ पृष्ठ भाग २०९×६४	फोटोचित्र
४२.	गोरखा जिल्ला, गोरखा नगरपालिका वडा नं. ६	गोरखा दरवारको पूर्व हनुमान भञ्ज्याङमा रहेका योगी नरहरिनाथ द्वारा राख्न लगाएका ६ थान शिलालेखहरु मध्ये दाँयातर्फको पहिलो	प्रस्तर	अग्रभाग १००×४३ पृष्ठ भाग १०५×४५	फोटोचित्र

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

४३.	गोरखा जिल्ला, गोरखा नगरपालिका वडा नं. ६	गोरखा दरवारको पूर्व हनुमान भञ्ज्याङमा रहेका योगी नरहरिनाथ द्वारा राख्न लगाएका ६ थान शिलालेखहरु मध्ये दाँयातर्फको पहिलो	प्रस्तर	अग्रभाग १७७×४२ पृष्ठ भाग १७७×३६	फोटोचित्र
४४.	गोरखा जिल्ला, गोरखा नगरपालिका वडा नं. ६	गोरखा दरवारको पूर्व हनुमान भञ्ज्याङमा रहेका योगी नरहरिनाथ द्वारा राख्न लगाएका ६ थान शिलालेखहरु मध्ये दाँयातर्फको पहिलो (अभिलेख नं. ५)	प्रस्तर	अग्रभाग १५९×४० पृष्ठ भाग १५९×४०	फोटोचित्र
४५.	गोरखा जिल्ला, गोरखा नगरपालिका वडा नं. ६	गोरखा दरवारको पूर्व हनुमान भञ्ज्याङमा रहेका योगी नरहरिनाथ द्वारा राख्न लगाएका ६ थान शिलालेखहरु मध्ये दाँयातर्फको पहिलो (अभिलेख नं. ६)	प्रस्तर	अग्रभाग १३४×३५ दाँया भाग १२७×३४ पृष्ठ भाग १२७×४२	फोटोचित्र
४६.	गोरखा जिल्ला, गोरखा नगरपालिका वडा नं. ६	गोरखा दरवारको पूर्व हनुमान भञ्ज्याङमा रहेको संवत् १८८३ को अभिलेख	प्रस्तर	१३७× १२२	फोटोचित्र
४७.	गोरखा जिल्ला, गोरखा नगरपालिका वडा नं. ६	गोरखा दरवारको पूर्व हनुमान भञ्ज्याङमा रहेको हनुमानको मुर्तिसँगैको संवत् १८६९ को अभिलेख	प्रस्तर	५९×१०३	फोटोचित्र
४८.	गोरखा जिल्ला, गोरखा नगरपालिका वडा नं. ६	गोरखनाथ गुफासँगै पशुपतिनाथ देवस्थलको द्वारमा कुदिँएको शाके संवत् १४८१ को अभिलेख	प्रस्तर	२७×२५	फोटोचित्र

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

४९	गोरखा जिल्ला, गोरखा नगरपालिका वडा नं. ६	गोरखनाथ गुफाभित्र रहेको संवत् १२२ को राजा शिवदेव द्वितीयको लिच्छविकालीनअभिलेख	प्रस्तर	१३७×३३	फोटोचित्र
५०.	गोरखा जिल्ला, गोरखा नगरपालिका वडा नं. ६	गोरखानाथको यज्ञशालाबाट गोरखा दरबार जाने बाटोको दाँयातर्फ रहेको	प्रस्तर	८०×६३	फोटोचित्र
५१.	गोरखा जिल्ला, गोरखा नगरपालिका वडा नं ६	गोरखा दरवारसंगैको गोरखकाली मन्दिरको मुख्य प्रवेशद्वारमा दाँयातर्फ भित्तामा टाँसिएको अभिलेख	ताम्रपत्र	३२×५०	फोटोचित्र

निष्कर्ष

अभिलेख संकलनका लागि गरिएको यो भ्रमण फलदायी रहेको छ । यस भ्रमणबाट नुवाकोट र गोरखाका विभिन्न स्थानमा रहेका ५१ वटा शिलालेख तथा ताम्रपत्रका उतारहरु संकलन भएका छन् । अभिलेखका उतार तथा फोटेचित्र लिने क्रममा यी जिल्लामा अन्य थुप्रै अभिलेखहरु रहेको जानकारी प्राप्त भएको थियो तर भ्रमणको समय छोटो तथा अपर्याप्त भएको हुनाले ती अभिलेखहरुलाई समेट्न सकिएन । यस कार्यमा हामीसँगै टोलीमा संलग्न भएर शिलालेखको उतार लिने एवं अभिलेखहरु पढी लिप्यन्तर तथा भाषान्तर गर्ने कार्य गर्नको लागि यसै कार्यालयका पूर्व कर्मचारी श्री हिरारत्न बज्राचार्यज्यूले महत्त्वपूर्ण सहयोग गर्नुभएको थियो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

फोटो परिशिष्ट

नुवाकोट जिल्लाका विभिन्न स्थानहरुबाट संकलन गरिएका शिलालेख तथा ताम्रपत्रका फोटोचित्रहरु





CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

वीर पुस्तकालय तथा राष्ट्रिय अभिलेखालयबाट प्रकाशित पुस्तकहरूको सूची

क्र.सं.	पुस्तकको नाम
१	अभिलेख (अंक १ देखि ३९ सम्म)
२	सूचीपत्र बौद्ध विषयक हस्तलिखित ग्रन्थहरू
३	सूचीपत्र हस्तलिखित नेपाली चिठ्ठी पत्र
४	नेपाली भाषामा लेखिएका हस्तलिखित ग्रन्थहरूको वर्णनात्मक सूचीपत्र
५	आयुर्वेद विषयका हस्तलिखित ग्रन्थहरूको सूचीपत्र
६	सूचीपत्र देवनागरी लिपिको हस्तलिखित ग्रन्थहरू
७	Catalogue of Tibetan Manuscripts (Vol. 1 to 10)
८	Catalogue of Guthi Paper (Vol. 1 to 2)
९	भूमिसम्बन्धी तमसुक ताडपत्र (अंक १ देखि ४ सम्म)
१०	कान्तिपुर शिलालेख सूची (अंक १ देखि ४ सम्म)
११	पुष्प चिन्तामणि
१२	राजविधान सार
१३	हस्तमुक्तावली
१४	अश्वमेधीय यात्रा
१५	ऐतिहासिक चिठ्ठीपत्र (अंक १ देखि ३ सम्म)
१६	कृत्यबाटिका
१७	बृहत् सूचीपत्र (अंक १ देखि १० सम्म)
१८	ब्रह्म शान्ति
१९	वास्तुशास्त्रीय ग्रन्थहरूको संक्षिप्त अध्यन
२०	PAINTED ILLUSTRATIONS OF THE MANUSCRIPT COVERS IN NATIONAL ARCHIVES FROM NEPAL
२१	व्रतकल्पलतिका
२२	व्रतरत्न माला

क्र.सं.	पुस्तकको नाम
२३	अगस्त्यसंहित रत्न परीक्षा (वी.पु)
२४	हरमेखलापूर्वीखण्ड
२५	हरमेखला मध्यखण्ड
२६	SAARC Voyage from Banglore to Kathmandu
२७	ऐतिहासिक कुण्डली
२८	सिद्धान्त सारणी
२९	भक्तपुर शिलालेख सूची
३०	संक्षिप्त सूचीपत्रम् (वी.पु)
३१	सूचीपत्र ऐतिहासिक चिठ्ठीपत्र संग्रह
३२	नेपालभाषामा लेखिएका हस्तलिखित अभिलेख ग्रन्थहरूको वर्णनात्मक सूचीपत्र
३३	श्रीमद्वराहमिहिराचार्य विरचितम् विवाहपटलम्
३४	शिवधर्मोत्तर (शिवधर्म पुराण द्वितीयखण्ड)
३५	अजीर्णमञ्जरी (नेपाली-भाषानुवादसहित)
३६	वास्तु शास्त्र
३७	लिपि तालिका
३८	अनुपानमञ्जरी (प्रज्ञा नेपाली टीकासहित)
३९	दक्षीशरण (कथा)
४०	परातन्त्र
४१	प्रथम लगत (भाग-१,२)
४२	कालितत्त्व
४३	वैद्य जीवनम्
४४	पथ्यापथ्यसङ्ग्रह
४५	निर्वाणतन्त्र

राष्ट्रिय अभिलेखालयको अपिल र अनुरोध

राष्ट्रिय अभिलेखालय राष्ट्रिय महत्वका कागजपत्र र अभिलेखहरूलाई संरक्षण तथा व्यवस्थापन गर्न कानूनद्वारा स्थापित सरकारी निकाय हो । यहाँहरूको सङ्कलनमा रहेका हस्तलिखित पाण्डुलिपि, महत्वपूर्ण ग्रन्थहरू, लालमोहर, स्याहामोहर, सनद, सवाल र रुक्का लगायतका ऐतिहासिक महत्वका सामग्रीहरूको संरक्षण तथा व्यवस्थापनका लागि यस संस्थामा उपलब्ध गराइदिएर दस्तावेज संरक्षणमा सहयोग गर्नुहुन राष्ट्रिय अभिलेखालय सम्बन्धित सबैमा हार्दिक अपिल गर्दछ । साथै नेपाल सरकार अन्तर्गतका निकायहरू लगायत अन्य विभिन्न कार्यालयहरूमा रहेका पच्चीस वर्ष पुराना राष्ट्रिय महत्वका सङ्कलन (रेकर्डहरू) हामीलाई हस्तान्तरण गरी अभिलेख संरक्षण कार्यमा सहयोग गरिदिनुहुन सम्बन्धित सबै निकायहरूमा राष्ट्रिय अभिलेखालय हार्दिक अनुरोध गर्दछ ।

नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
राष्ट्रिय अभिलेखालय
रामशाहपथ, काठमाडौं
फोन : ०१-४२०८८२६, फ्याक्स नं. : ९७७-०१-४२०८८४८
Website : www.narchives.gov.np, Email : mail@narchives.gov.np

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection